11 035
36-010

द्वैमासिक बुलेटिन

# भूमि अधिकार

बर्ष २, पूर्णाङ्क १०

अक्टोवर, २००५

## भूमि अधिकार अभियानको बढ्दो गती

भूमि अधिकारबाट वञ्चितहरुको समुदाय, जिल्ला र राष्ट्रियस्तरका संगठनहरुले देशव्यापी रुपमा भूमि अधिकार अभियान सम्बन्धी विभिन्न कार्यक्रमहरु गर्दैआएका छन् । यस पटकको अभियानको भने किसान नेता स्वर्गीय भिमदत्त पन्तको गृहजिल्ला डडेल्धुराबाट हलिया सम्मेलन गरी शुरुवात गरिएको छ । हलिया सम्मेलनपछि दाङ, कपिलबस्तु, रुपन्देही, महोत्तरी र सुनसरीमा भूमि अधिकारका पक्षमा विभिन्न कार्यक्रम सम्पन्न भएका छन् । यसअघि पनि शान्ति, पूर्ण प्रजातन्त्र र भूमि अधिकार अभियानमा २ लाख जनतालाई, सहभागी गराउने उद्देश्यका साथ पूर्वको सिराहा र सप्तरीमा तथा पशिचमको दाङ, बर्दिया हुँदै बाँकेको नेपालगंजसम्म साईकल ऱ्याली र सभाको आयोजना गरिएको थियो ।

दासप्रथाको अवशेषको रुपमा रहेको हलिया प्रथाको अन्त्य गरी हलियाहरुको पुनर्स्थापना गर्नुपर्ने माग राख्दै डडेल्धुरामा भाद्र ५ र ६ गते प्रथम राष्ट्रिय हलिया सम्मेलन सम्पन्न भएको छ । सम्मेलनमा १५ सदस्यीय राष्ट्रिय हलिया अधिकार मञ्च समेत गठन भएको छ । मञ्चले १२ बुँदे हलिया घोषणा पत्र जारी गरेको छ । घोषणा पत्रमा हलियाको ऋण मिनाहा गरिनुपर्ने, मोहियानी हकको ग्यारेण्टी गरिनुपर्ने, हलिया समस्यालाई प्रमुख एजेण्डाका रुपमा पार्टीहरु र सामाजिक संघसंस्थाहरु र सरकारले उठाउनुपर्ने माग उल्लेख छ । साथै लोकतन्त्र, शान्ति र मानवअधिकारको पक्षमा राजनीतिक दलहरु र नागरिक समाजको आयोजनामा देशका विभिन्न भागमा उठेका न्यायपूर्ण आन्दोलनमा सम्मेलनले समर्थन र ऐक्यबद्धता जनाएको छ ।

हलिया सम्मेलनपछि दाङ, कपिलबस्तु र रुपन्देहीका क्रमशः गुठी र उखडा पीडित किसानहरुले भाद्र ८ र ९ गते भूमि अधिकार सभा सम्पन्न गरे । दाङका गुठी पीडितहरुले अबदेखि सरकारलाई कुत तिर्न नसकिने र जोतभोगको आधारमा हक दिनुपर्ने अडान लिएका छन् भने कपिलबस्तुका उखडा पीडितहरुले आफ्ना समस्या र समाधानका उपायबारे जानकारी गराएका थिए । त्यस्तैगरी महोत्तरीमा पनि भूमि अधिकारको पक्षमा भाद्र ११ गते विशाल ऱ्याली तथा सभा सम्पन्न भएको छ । अधिकांश वक्ताहरुले निरकुंश शासनमा गरिबले नै बढी शोषण, ज्यादती, अन्याय, अपमान र अभाव खेप्नुपरेको र यस्तो शासनको अन्त्यका लागि भूमि अधिकारबाट वञ्चितहरु संगठित आन्दोलनमा उत्रिनुपर्ने बताएका थिए । लोकतन्त्रमा मात्र भूमि लगायतका उत्पादनका श्रोतसाधनमा गरिखाने मेहेनती जनताको पहुँच र स्वामित्व स्थापित हुने ठहर गर्दै लोकतन्त्र एवं भूमि अधिकारका पक्षमा बर्दिबासमा हजारौ भूमि अधिकारबाट वञ्चितहरुले विशाल ऱ्याली तथा सभा गरेका थिए । त्यसैगरी राष्ट्रिय भूमि अधिकार मञ्च सुनसरीको दोश्रो जिल्ला सम्मेलन भाद्र १२ देखि १४ मा सम्पन्न भएको छ । सम्मेलनमा पीडितहरुले आफ्ना पीडा व्यक्त गर्दै अधिकार र न्यायको पक्षमा काम गर्ने सम्पूर्ण संघसंस्था, राजनीतिक दलहरुलाई आव्हान गरेका छन् । राजनीतिक दलहरुलाई लोकतन्त्रको आन्दोलनमा भूमि अधिकार, सामाजिक न्यायका एजेण्डाहरु समावेश गर्न जोड दिएका छन ।

भूमि अधिकारबाट वञ्चितहरु पीडितहरु नागरिक समाजका कार्यकर्ता तथा संघसंस्थाका प्रतिनिधीको सहभागितामा सम्पन्न यी कार्यक्रमहरुमा हकको लागि सबै एक ढिक्का हुनेपर्नेमा सबै सहमत भएका छन् । स्वयं पीडितको अगुवाईमा अभियान सम्पन्न हुने भएकाले पनि अबको आन्दोलन सफलतामा नपुगि नटुङ्गिने विश्वास गर्न सकिन्छ । राजनीतिक दलहरु र नागरिक समाजको सहकार्य नै यस अभियानलाई सफलतासम्म पुऱ्याउने मेरुदण्ड हो ।

### यस अंकमा

अभियान क्रियाकलाप ___ २
पीडित आवाज ___
जिल्लागत अभियान क्रियाकलाप ___ ६
संस्था परिचय ___

हाम्रो आवाज

## मुक्तिको सर्त

भाद्र ५ र ६ मा डडेल्धुरामा आयोजित हलियाहरूको राष्ट्रिय सम्मेलनले 'हलियाहरूको नाममा थोपरिएको ऋणको खारेजी र हलियाहरू बस्दै आएको जमिन विनासर्त दर्ता गरी मोहियानी हकको ग्यारेण्टी गर्न' माग गरेको छ । सम्मेलनले यसरी हलिया आन्दोलनको प्रष्ट गन्तब्य निर्धारण गरेको मात्र छैन, निरकुंश सरकारद्धारा जमिन्दार पोस्न ल्याइएका भूमिबैंक जस्ता गलत योजनाहरूको विरोध र शान्ति र लोकतन्त्रप्रति प्रष्ट प्रतिवद्धता समेत जनाएको छ । साथै लोकतन्त्र सफलता बिना शोषणमा आधारित कुनैपनि प्रथा हट्न नसक्ने निश्कर्ष हलियाहरूको छ ।

यसरी हलियाहरूको काँधमा दुइ किसिमका जिम्मेवारीहरू आएको छ । एक, गाउँ-गाउँका भूमि अधिकारका लागि हलिया आन्दोलनलाई तेज बनाउने । दुई, उक्त आन्दोलनलाई लोकतान्त्रिक आन्दोलनसँग एकाकार गर्ने । वास्तवमा तल्लो तहमा आधारित जनताको आन्दोलनले मात्रै सामन्तवादी शोषणको जग हल्लिनसक्छ भन्ने सत्यलाई हलिया सम्मेलनले आत्मसात गरेको छ ।


विगतमा सरकारहरू हलिया समस्याप्रति संवेदनशील भएनन् । असोज १८ र माघ १९ पछिका सरकारहरू त कसरी 'निर्देशित शासन' संस्थागत गर्ने भन्ने तिर नै केन्द्रित रहे । पुस्तौंदेखिको हलियामाथिको जमिन्दारको शोषणको, हलियाहरूलाई क्षतिपूर्तिसहित अन्त्य गरिनु पर्नेमा उल्टै जमिन्दारलाई शोषणबाट उन्मुक्ति दिने र भूमिहीनहरूलाई ऋणको भार बढाउन भूमिबैंक कार्यक्रम प्रयोगमा ल्याईयो । हामीलाई लाग्छ, भूमिबैंक जस्तो जमिन्दार पोस्ने कार्यक्रमको तत्काल अन्त्य गर्दै सबै भूमिहीनहरूलाई उनीहरूले श्रम गर्दैआएको भूमिमा निःशर्त पहुँच कायम गरिदिनुपर्छ । हलिया मुक्तिका लागि त झन् यो अनिवार्य कदम हो । पुस्तौंदेखिको जमिन्दारको शोषणबाट क्षतिपूर्ति पाउने एउटै मात्र विकल्प पनि यही हो ।

RC
10

# अभियान क्रियाकलाप

## भूमि अधिकार सुन्ने पत्रिकाको विमोचन

कमैयाहरु मुक्त भएको वर्षौ भैसक्दा पनि उनीहरुको अवस्थामा कुनै परिवर्तन



भूमि अधिकार सुन्ने पत्रिका विमोचन गर्दै कार्यक्रमका अतिथिहरु

आएको छैन, सरकारले दिने भनेको सुविधा पनि पाउन नसकिरहेको अवस्था छ। त्यसैगरी हली प्रथा यथावत नै रहेको छ। भूमिसम्बन्धी यिनै विभिन्न समस्यालाई समेटेर भूमि अधिकारबाट वञ्चित समुदायलाई लक्षित गरी भूमि अधिकार सुन्ने पत्रिका तयार पारिएको छ। १२ असार, २०६२ मा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको सहयोगमा एन्टेना फाउन्डेसन नेपालले तयार गरेको 'भूमि अधिकार' सुन्ने पत्रिकाको विमोचन सम्पन्न भयो। कार्यक्रमका मुख्य अतिथि भूमिसुधार मन्त्रालयका सहसचिव रुद्रकुमार श्रेष्ठ, कलाकार मदनकृष्ण श्रेष्ठ र राष्ट्रिय भूमि अधिकार मञ्चका बलदेव राम हुनुहुन्थ्यो। कार्यक्रममा कमैयाको समस्या, हलियाको समस्या, गुठीको समस्या, मोहीको समस्याबारे क्रमशः मोतीदेवी चौधरी, सिता वि.क., सोमप्रसाद भण्डारी र लक्ष्मण चौधरीले जानकारी गराउनुभएको थियो।

भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव रुद्रकुमार श्रेष्ठले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले भूमि सवालमा काम गरेर भूमिसम्बन्धी समस्या पहिचानमा सरकारलाई सहयोग पुऱ्याएको बताउनुभयो। कलाकार मदनकृष्ण श्रेष्ठले भूमि समस्या एउटा जटिल समस्या भएको र यसका समाधानका लागि कलामार्फत सहयोग गर्ने प्रतिवद्धता गर्नुभयो।


## अर्धवार्षिक समीक्षा

भूमि अधिकार अभियानका सहयात्री संस्थाहरुबीच जनवरीदेखि जुन २००५ सम्म सम्पन्न अभियानका बारेमा जुन २७ र २८ मा दुइदिने समीक्षा सम्पन्न भयो। जावलाखेलको महिला विकास प्रशिक्षण तालिम केन्द्रमा सम्पन्न उक्त समीक्षामा भूमि अधिकार अभियानका सहयात्री संस्थाका प्रतिनीधिहरुका साथै राष्ट्रिय भूमि अधिकार सरोकार समूह र मञ्चका सदस्य एवं सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी समितिका सदस्यहरुको सहभागिता थियो।

समीक्षामा भूमि अभियानका क्रममा संस्थागत रुपमा गरिएको नौलो कार्यहरु, प्रगती, गर्न नसकिएका कार्य, गर्न मन लागेका कार्य, अभियानका सिकाई, चुनौती र उपलब्धीका साथै अभियानप्रति विभिन्न व्यक्तिहरुको विचार कस्तो छ भनि छलफल र प्रस्तुती गरिएको थियो। त्यसैगरी अभियानको अभिलेखन सुधार्ने बारेमा पनि छलफल गरिएको थियो।

नौलो प्रयास अन्तर्गत बालबालिकाबीच भूमिअधिकारबारे छलफल गरिएको भूमिबैंकबारे सबै क्षेत्रबाट व्यापक विरोध भैरहेको, विभिन्न जिल्लामा जग्गाको तथ्याकं लिने काम शुरु गरिएको र भूमि र नागरिकता सवालमा सिराहा, सप्तरी, चितवन र मकवानपुर जिल्लामा ऱ्याली, सम्मेलनहरु भएका छन्। भूमिअधिकार साँस्कृतिक अभियान समेत संचालन भैरहेको छ। भूमिअभियानबाट पीडितहरुमा आशा जागेको छ। राजनैतिक नेता, मानव अधिकारबादी र पत्रकारहरुले अभियानका बारेमा मौखिक प्रतिबद्धता व्यक्त गरेका छन् र क्षेत्रीय भूमिअधिकार मंच गठन भएको छ।

'सैद्धान्तिक भन्दा व्यवहारिक ज्ञान भए समुदायमा काम गर्न सजिलो हुन्छ। कुनै पनि ठाउँमा समस्या पहिचान नगरी काम गर्दा असफल हुने सम्भावना रहन्छ। राजनैतिक दल, सरकारी कर्मचारी एवं अन्य सहयोगी पक्षलाई भूमि अभियानमा समेटेर लैजानसक्नु यस अभियानको प्रमुख उपलब्धी हो। सामुहिक रुपमा काम गर्ने वातावरण र बुझाइ आउनु अर्को उपलब्धी हो। बलियो जनसंगठनको निर्माण हुनु, पीडितहरुले अभियानको नेतृत्व गर्नु यसको बलियो एवं सवल पक्ष मान्न सकिन्छ' समिक्षाको निश्कर्ष थियो।



समीक्षाका सहभागीहरु समूह कार्य गर्दै

## प्रथम राष्ट्रिय हलिया सम्मेलन

"हलिया प्रथा अन्त्य र पुनर्स्थापनाको आधार, समतामूलक समाज र न्यायिक भूमिसुधार" भन्ने मुल नाराका साथ स्वर्गीय किसान नेता भिमदत्त पन्तको गृहनगर डडेल्धुरा जिल्लामा हलिया जागरण मञ्च र राष्ट्रिय भूमिअधिकार मंचको आयोजनामा भाद्र ५ र ६ मा प्रथम राष्ट्रिय हलिया सम्मेलन सम्पन्न भएको छ। सम्मेलनमा भूमिहीन, पीडित किसान, महिला, दलित, जनजाति, हलियाहरु, बुद्धिजीवि वर्ग एवं विभिन्न सामाजिक

# अभियान क्रियाकलाप

संघसंस्थाका प्रतिनिधी गरी ३०० जना भन्दा बढीको सहभागिता थियो ।




प्रथम राष्ट्रिय हलिया सम्मेलनका सहभागीहरु र्‍याली प्रदर्शन गर्दै

सम्मेलनमा उपस्थित सहभागीहरुले र्‍याली निकाली भीमदत्त पन्तको सालिकमा फुलमाला चढाउँदै कोण सभा गरेका थिए । सम्मेलनले डम्बर टमटाको अध्यक्षतामा पन्ध्र सदस्यीय राष्ट्रिय हलिया अधिकार मञ्च गठन गरेको छ ।

सम्मेलनका प्रमुख अतिथि 'लोकतन्त्र र शान्तिका लागि नागरिक समाज' का सदस्य श्याम श्रेष्ठले कार्यक्रमको उद्घाट्न गर्दै किसान आन्दोलनको जन्मथलोमा सम्मेलन राखिएकोमा खुशी व्यक्त गर्नुभयो । 'जमिनमा पाइला नटेक्नेको नाममा अथाह जमिन हुनु अन्यायपूर्ण नीतिं हो, यो गैर जमिन्दारी हो । छोटे जमिन्दार गाउँमा छन् भने बडे जमिन्दार सिहदरवारमा छन् । त्यसैले विभिन्न समयमा जमिनमा हदबन्दी लागु गर्ने नीति ल्याएपनि सरकारले देखाउने एक तर व्यवहारमा अर्को गर्ने गरेको छ' त्यसक्रममा श्रेष्ठले भन्नुभयो । 'यसका विरुद्ध सबै एक ढिक्का भई आर्थिक, साँस्कृतिकका साथै राजनैतिक लडाँई लड्नुपर्छ' उहाँले भन्नुभयो ।

दलित नेता गणेश वि.क.ले कित जोत हलो कित जोत थलो भन्ने भिमदत्तको नारालाई आत्मसात गरेर जानुपर्ने र हलियाका समस्यालाई प्रमुख एजेण्डाको रुपमा उठाउनुपर्नेमा जोड दिनुभएको थियो ।

राष्ट्रिय भूमि अधिकार सरोकार समुहका अध्यक्ष सरेश नेपालले हलिया प्रथा अन्त्यको लागि यस सम्मेलन कोसे ढुङ्गा सावित हुने आशा व्यक्त गर्नुभयो । 'श्रम गर्ने ब्यक्तिले श्रमको सदुपयोग गर्न पाउनु पर्दछ, हलिया मुक्ति गर्ने, ऋण मिनाहा गर्ने कुरा मात्र हैन, सामाजिक भेदभावको अन्त्य पनि हो ।' उहाँले जोड दिनुभयो ।

मुक्त कमैया समाज कैलालीका अध्यक्ष पशुपती चौधरीले कमैयाहरुको जस्तो स्थिति हलियाहरुले भोग्न नपरोस भन्दै हलिया मुक्तिसँगै पुनर्स्थापनामा जोड दिनुभयो । हलिया प्रतिनिधि महेश ओडले हलिया हुनुको मुल समस्या पत्ता लगाउनु पर्ने र हलियालाई अधिकारबारे सचेत गराउनु पर्ने बताउनु भयो । अर्का हलिया गोरख सार्कीले सरकारले हलिया सम्बन्धी स्पष्ट कार्य नीति तय गर्नुपर्ने र सबै क्षेत्रबाट हलिया मुक्तिको पहल गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय भूमिअधिकार सरोकार समूहका सचिव एवं सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका अध्यक्ष जगत बस्नेतले जमिन भएर मात्र हलियाको मुक्ति हुँदैन, यसमा एकिकृत विकासका कुराहरु पनि संगै लैजानु पर्छ भन्नुभयो ।

राष्ट्रिय भूमिअधिकार मञ्च नेपालका अध्यक्ष वलदेव रामले भूमिहीन तथा हलियाहरुलाई सहयोग गर्न सबैसँग आव्हान गर्नुभयो । सम्मेलनले सुदुर पश्चिमको पहाडी भेगमा रहिरहेको खली, डोली, भूँड जस्ता कुप्रथा अन्त्य गर्न वर्तमान संरचनालाई नफेरी नहुने निश्कर्ष निकालेको छ ।

## कपिलवस्तुमा भूमि सभा

कपिलवस्तुका भूमिअधिकारबाट बञ्चितहरु भूमि अधिकार अभियानमा जुटेका छन् । उखडा जग्गा भोग गर्दैआएका किसान, कमैया, बेदर्तावाल मोही, कृषि श्रमिक, ब्लक जग्गाका बसोबासी, भूमिहीन किसान गरी करिब ५ सय किसानहरुले कपिलवस्तुको चन्द्रौटामा जम्मा भई भदौ ९ गते भूमि अधिकार सभाको आयोजना गरे । सभामा उनीहरुले आफ्ना भूमि समस्या र समाधानका मागबारे जानकारी गराएका थिए । कार्यक्रम भूमि अधिकार मञ्च शिवपुर र शरद समाज कपिलवस्तुको आयोजनामा भएको थियो । उक्त सभामा दियालो सांस्कृतिक परिवार बांकेका कलाकारहरुले भूमि अधिकारबारे नाटक प्रस्तुत गरेका थिए ।

कार्यक्रमका प्रमुख अतिथी राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले भूमि अधिकारलाई व्यवहारमा उतार्न देशव्यापी जागरण आएको र यसलाई बृहत सामाजिक तथा आर्थिक



कोणसभामा वक्ताहरुको कुरा सुन्दै र्‍यालीका सहभागीहरु

आन्दोलनको रुपमा अघि बढाउन अधिकारबाट बञ्चितहरु एक ढिक्का भएर जुर्मुराउनु पर्ने बताउनुभयो । कार्यक्रमका अर्का अतिथी सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका टोली प्रमुख जगत बस्नेतले भूमि



कपिलवस्तुमा सम्पन्न भूमि सभामा बोल्दै सहभागी

आन्दोलन भूमि अधिकारबाट बञ्चितहरुको अधिकारमूखी सामाजिक आन्दोलन भएकोले समदायदेखि नै संगठन तयार गर्दै दिर्घकालीन ढंगले आन्दोलन अघि बढाउन सबैको सहयोग आवश्यक हुन्छ भन्नुभयो । उहाँले देशव्यापी रुपमा जनताको भूमि ऐन कस्तो हुनुपर्छ भन्नेबारे अभियान थालिएको बताउनुभयो ।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार मञ्चका उपाध्यक्ष सोमप्रसाद भण्डारीले संगठनको महत्व र प्रक्रियाबारे बताउँदै ६ महिना भित्रमा देशभरीका एक लाख व्यक्तिहरु मञ्चमा संगठित हुने अपेक्षाका साथ संगठन निर्माणलाई अभियानकै रुपमा अगाडि बढाईएको जानकारी दिनुभयो । कार्यक्रममा अधिकारबाट बञ्चित सुरमान अली, सफिदिन मिया र खुमानसिंह परियारले समस्याबाट मुक्तिको लागि योजनाबद्द ढंगले अभियानमा जुट्ने प्रतिवद्दता व्यक्त गर्नुभयो । 'विभिन्न जिल्लाबाट आएका अधिकारबादीहरुको साथले हामीलाई हक लिन दरो बनाएको छ ।' कार्यक्रमका अध्यक्ष भूमिपीडित रुद्रप्रसाद भट्टराईले भन्नुभयो ।

## भूमि अधिकारका लागि विशाल ऱ्याली तथा सभा

निरकुंश शासनमा गरिबले नै बढी शोषण, ज्यादती, अन्याय, अपमान र अभाव खेप्नुपरेको भन्दै यस्तो शासनको अन्त्यका लागि भूमि अधिकारबाट वञ्चितहरु संगठित आन्दोलनमा उत्रेका छन् । लोकतन्त्रमा मात्र भूमि लगायत उत्पादनका श्रोतसाधनमा गरिखाने मेहेनती जनताको पहुँच र स्वामित्व स्थापित हुने ठहर गर्दै लोकतन्त्र एवं भूमि अधिकारका पक्षमा बर्दिबासमा हजारौ भूमि अधिकारबाट वञ्चितहरुले भाद्र ११ मा विशाल ऱ्याली तथा सभा गरे ।

महोत्तरीमा गुठीको नाममा राखिएका हजारौं विघा जमिनमा श्रम गर्ने किसानहरु स्वामित्व विहीन छन् । १३ हजारको हाराहारीमा रहेका मोहीहरुले पनि जमिनमा स्वामित्व पाउन सकेका छैनन् । त्यस्तै पुस्तौदेखि बस्दैआएको चुरे क्षेत्रका करिब ६ हजार परिवार स्वामित्व विहीन छन् । ऱ्याली तथा सभामा किसानहरुले रातोदिन जमिनमा श्रम गरेर अरुको पेट पाले पनि आफुभने भोकै रहनुपरेको पीडा पोखे । जग्गामा श्रम गर्ने किसानको पहुँच र हकका लागि भूमि आन्दोलन गर्नुपरेको र यो आन्दोलनलाई राजनीति पार्टीहरुले सहयोग गर्नुपर्ने माग उनीहरुको थियो । 'हामी लोकतन्त्रको पक्षमा उत्रिन्छौं, तपाईहरु भूमि अधिकारबारे आफ्ना अडानहरु स्पष्ट गर्नुहोस् ।' उनीहरुको माग थियो ।

सभामा मन्तब्य राख्दै एमाले स्थायी समिति सदस्य तथा किसान नेता केशव बडालले किसानहरुको हरेक आन्दोलनमा आफु र आफ्नो पार्टीको साथ रहने बताउनुभयो । भूमिहीन, मोही तथा साना किसानको समस्या समाधान नभई मुलुकको अन्य समस्याले पार नपाउने मात्र होईन सामन्तबादको जरालाई उखेल्न समेत भूमि व्यवस्थामा रुपान्तरणको खाँचो छ भन्दै अधिकारका लागि देशव्यापी रुपमा उठिरहेको भूमि आन्दोलनले पूर्ण प्रजातन्त्रमा मात्र सफलता पाउने भएकोले भूमि अधिकारबाट वञ्चितहरु पूर्ण प्रजातन्त्रको लडाईमा एक ढिक्का भएर लाग्नुपर्ने विचार उहाँको थियो । सभाका अर्का बक्ता नेपाली काँग्रेस (प्रजातान्त्रिक) का प्रवक्ता डा. मिनेन्द्र रिजालले आस्थाका आधारमा हामीहरु जुनसुकै पार्टीमा भएपनि भूमि अधिकारको पक्षमा भने एक ढिक्का हुनुपर्दछ भन्नुभयो । पार्टीहरुले फराकिलो भएर भूमि आन्दोलनलाई सघाउन तयार हुनुपर्ने बताउँदै उहाँले मुलुकको गरिबी निवारणको लागि भूमि अधिकारबाट वञ्चितहरु नै अघि उत्रिनु पर्ने धारणा राख्नुभयो । भूमिहीन तथा गरिब समुदायको बुझाई र सहभागिताले देशले परिवर्तन खोजेको स्पष्ट सन्देश दिएको पनि उहाँको धारणा थियो । कार्यक्रममा ने.क.पा.(एकता केन्द्र-मसाल) का प्रवक्ता स्वनामले भूमि अधिकारबाट वञ्चितहरुले कसैले गरिदिन्छ भन्ने सोच त्यागेर आफैं आन्दोलनको मोर्चामा उत्रनुपर्छ भन्नुभयो । मुलुकका ११ लाख भूमिहीन र ४ लाख मोहीहरु एक ढिक्का



महोत्तरीमां सम्पन्न विशाल ऱ्यालीमा नारा लगाउदै सहभागीहरु

भएर आन्दोलनमा उत्रने हो भने हामीले खोजेको भूमि व्यवस्था असम्भव नभएको उहाँको धारणा थियो ।

कार्यक्रममा राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले महोत्तरीका भूमिहीन तथा मोही किसानहरु गुठीको शोषणको अन्त्य, चुरेको संरक्षणसँगै भूमि अधिकारको ग्यारेण्टी र भूमि अधिकार हननका घटनाहरु विरुद्द संगठित रुपमा उत्रिनु भूमि आन्दोलनमा महोत्तरीका किसानहरु सचेतपूर्वक उत्रिएको प्रमाण हो भन्नुभयो । भूमि अधिकारबाट वञ्चितहरुको समस्या समाधान हुनु भनेको भूमिहीन र

मोही किसानको समस्या समाधान हुनु मात्र होइन सिङ्गै मुलुकको रुपान्तरण तथा गरिबीको अन्त्य गर्ने आधार भएको उहाँको धारणा थियो । सरोकार समूहका सचिव जगत बस्नेतले भूमि अधिकारबाट वञ्चितहरुले जनताको भूमि ऐन निर्माण अभियान थालनी गरेको बताउँदै लोकतन्त्रका पक्षमा आन्दोलनरत पार्टीहरुले भूमि अधिकारको सवालमा आफ्ना अडानहरु स्पष्ट गर्नुपर्ने बताउनुभयो । सभामा दियालो परिवारले विभिन्न गीत तथा नाटकको प्रस्तुती गरेर सभामा उपस्थित सबैलाई अधिकारका लागि लाग्न उत्प्रेरित गरेको थियो । जिल्ला अध्यक्ष सोमबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रम भूमि अधिकार मञ्च र भूमि अधिकार सरोकार समूह महोत्तरीको आयोजनामा भएको थियो ।

## दोश्रो जिल्ला सम्मेलन सम्पन्न

“जल, जंगल र जमिन हुनुपर्दछ जनताको अधिन” भन्ने नाराका साथ जिल्ला भूमि अधिकार मंच, सुनसरी र राष्ट्रिय भूमिअधिकार सरोकार समुहको आयोजनामा २०६२ भाद्र १२, १३ र १४ गते सुनसरी जिल्लाको ईनरुवामा राष्ट्रिय भूमिअधिकार मञ्चको दोश्रो सुनसरी जिल्ला सम्मेलन सम्पन्न भयो ।

सम्मेलनको पहिलो दिन ‘भूमिअधिकारको सवाल र लोकतन्त्र’ विषयक अन्तरक्रियामा स्थानिय अभियानकर्मीहरु, मानवअधिकारवादी, भूमि अधिकार अभियान सल्लाहकार तथा पार्टी प्रतिनिधीहरु, राष्ट्रिय भूमिअधिकार सरोकार समुह र राष्ट्रिय भूमिअधिकार मंच केन्द्रिय समितिका सदस्यहरुको सहभागिता थियो ।

भूमि अधिकार अभियानका सल्लाहकार पार्टी प्रतिनिधीहरु र भूमि अधिकार अभियानकर्मीहरुका साथमा स्थानिय अधिकारबाट वञ्चितहरुले आफ्ना पीडा, व्यथा तथा अन्यायका घटनाहरु सुनाएर अधिकार र न्यायको पक्षमा काम गर्न आव्हान समेत गरेका थिए भने वक्ताहरुले लोकतन्त्रबाट मात्र जनअधिकारको बहाली सम्भब हुने हुँदा सबै जनताले लोकतन्त्रको आन्दोलनमा सहभागी हुनपर्ने कुरामा जोड दिएका थिए । अधिकारबाट वञ्चितहरुले दलहरुलाई लोकतन्त्रको आन्दोलनमा भूमिअधिकार, समाबेशीकरण, सामाजिक न्यायका एजेण्डाहरु समावेश गर्न जोड दिएका छन् । सुन्दर नेपालको निर्माणगर्न दलहरु, नागरिक समाज, गैससहरु र समुदाय एकै ठाउँमा बसि छलफल गरेको यो समारोहले आपसी मुद्धाहरु बुझ्न र प्रतिबद्धता ब्यक्त गर्न सहयोग गरेको महसुस गरिएको थियो । भूमि अधिकारको अभियानमा सबैले ऐक्यबद्धता जाहेर गरेका छन् ।




ऱ्याली प्रदर्शन गर्दै सम्मेलनका सहभागीहरु

दोश्रो दिन ब्यापक जन परिचालन, जनऱ्याली तथा आमसभाको आयोजना गरिएको थियो । गाउँ-गाउँबाट स्वस्फुर्तरुपमा सहभागी ५ हजारभन्दा बढी जनसमुदाय, अधिकारबाट बंचित जोताहा किसानहरु, स्थानिय दलका नेताहरु, मानव अधिकारबादी, गैसस तथा नागरिक समाजका अगुवाहरुको सहभागिता रहेको सो ऱ्यालीले ईनरुवा बजार परिक्रमा गर्दै शान्ति, लोकतन्त्र, सामाजिक न्याय र जमिनको अधिकारका लागि आवाज बुलन्द गरेको थियो ।

कार्यक्रम अवधीभर दियालो परिवार बाँकेले भूमिअधिकारका गीत र नाटकहरु प्रस्तुत गरेको थियो । सम्मेलनको बन्दसत्रले जिल्लामा भूमि अधिकार अभियानको विगतको समिक्षा गर्दै आगामी २ वर्षका लागि लक्ष्मण चौधरीको अध्यक्षतामा १३ सदस्यीय राष्ट्रिय भूमि अधिकार मञ्च सुनसरीको गठन गरेको छ । सतनीदेवी राम उपाध्यक्ष, रुद्रप्रसाद उप्रेती सचिव, सावित्री चौधरी कोषाध्यक्ष र सदस्यहरुमा रणध्वज लोहार, ढोकाई ऋषिदेव, राजकुमार चौधरी, पदम विश्वकर्मा, साइनोदेवी उराँव, सानु यादव, बन्धनादेवी उराँव, बैजनाथ धामी र जीवनकला चौधरी रहनु भएको छ ।

## अर्ध बार्षिक समीक्षा

‘बिकल्प’ कार्यक्रमको अर्ध बार्षिक समिक्षा यही २७ असार २०६२ मा धनुषाको लालगढमा सम्पन्न भयो । कार्यक्रममा समुदाय सहजकर्ता, स्थानीय संघ संस्थाका प्रतिनिधीहरु, निवर्तमान गाविस अध्यक्षहरु, सहकर्मी संस्थाहरु, भू-संरक्षण कार्यालयका प्रतिनिधी, केयर नेपालका प्रतिनिधीहरु, चुरे जलाधार व्यबस्थापन आयोजनाका प्रतिनीधीहरु र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका २५ पुरुष र ८ महिला गरी जम्मा ३३ जना सहभागी थिए । कार्यक्रममा केयर नेपालका रबिन बोगटी



सामुहिक कार्य गर्दै समीक्षाका सहभागीहरु

## अभियान क्रियाकलाप

र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका निर्देशक जगत बस्नेतले कार्यक्रमको सन्दर्भ, उद्देश्य र साझेदारीका बिषयमा प्रष्ट पार्दै कार्यक्रमको आरम्भ गर्नुभएको थियो । उक्त कार्यक्रममा समुदाय सहजकर्ताहरुले ६ महिनामा आफूहरुले गरेका कामहरु, प्राप्त गरेका अनुभव र सिकाईहरु प्रस्तुत गरेका थिए । त्यसैगरी केन्द्रका तर्फबाट बिकल्प कार्यक्रमबाट संचालित सर्वेक्षणको नतिजा, कामबाट प्राप्त अनुभव र भविष्यको बाटो प्रस्तुत गरिएको थियो । सहकर्मी संस्थाहरु महिला सहयोगात्मक समाज नेपाल र ग्रामीण स्वयंसेवक समाज, हरिवनका तर्फबाट पनि आ-आफ्ना अनुभवहरु प्रस्तुत गरिएको थियो ।

कार्यक्रममा उपस्थित अधिकांश सहभागीहरुले बिकल्प कार्यक्रमका बारेमा आफ्ना भनाई राख्दै प्रस्तुतीकरण माथि टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा समग्र भूमिसुधार र भू-स्वामित्वले संरक्षणमा टेवा पुग्ने तर्कमाथि छलफल भएको थियो ।

### भूमिमा महिला अधिकार प्रथम राष्ट्रिय सम्मेलन

'आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी' को मूल नाराका साथ भूमिमा महिला अधिकार प्रथम महिला राष्ट्रिय सम्मेलन गत असोज ३ र ४ मा ललितपुर को जावलाखेलमा सम्पन्न भयो । भावी कार्यक्रमहरु समेत निर्धारण गर्दै राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपालले आयोजना गरेको सो सम्मेलनले 'भूमिमा महिला अधिकारसम्बन्धी काठमाडौं घोषणापत्र-२०६२' जारी गरेको छ । मुलुकका ३८ जिल्लाका भूमिहीन, जोताहा किसान, भूमि अभियानकर्ता, संघसंस्थाका प्रतिनिधि, पर्यबेक्षक, पत्रकार एवं छिमेकी मुलुक भारतका एकता परिषद प्रतिनिधि समेत गरी करिब २ सय ५० जनाको प्रत्यक्ष सहभागीतामा दुई दिनसम्म विभिन्न सत्रमा सञ्चालन भएको थियो ।

उद्घाटन कार्यक्रमकी प्रमुख अतिथि एवं सुदुरपश्चिमाञ्चल डडेल्धुराकी स्वर्गीय किसान नेता भिमदत्त पन्तकी धर्मपत्नी पार्वती देवी पन्तले कार्यक्रमको उद्घाटन गर्दै भूमिमा जोताहाको अधिकार स्थापित नभएसम्म भूमिअधिकार आन्दोलन रोकिनु नहुने र आन्दोलन सफल भएपछि मात्र श्रीमान्को आत्माले पनि शान्ति पाउनेछ" भन्नुभयो । सम्मेलनकी विशेष अतिथि एवं एमाले महिला नेतृ सहाना प्रधानले नेपालको इतिहास नयाँ ढगले कोर्नुपर्ने आवाज उठिर हेको वर्तमान सन्दर्भमा भूमिमा महिला अधिकारको सवाल सम्पूर्ण राजनीतिक दलले आफ्नो कार्यक्रममा समावेश गर्नुपर्नेमा जोड दिनुभयो । लोकतन्त्रको आन्दोलन सफल नभएसम्म भूमि अधिकार प्राप्तिको उद्देश्य पुरा हुन नसक्नेमा पनि प्रधानले जोड दिनुभयो । कार्यक्रमका अर्का वक्ता नेपाल महिला संघकी अध्यक्ष मीना पाण्डेले आमाको नामबाट नागरिकता पाउनुपर्ने, जमिनमा महिला पुरुषको समान हक हुनुपर्ने जस्ता अत्यावश्यक कुराहरु आफ्नो पार्टी नेपाली काँग्रेसमा जोडदार रुपमा उठाउने प्रतिवद्धता व्यक्त गर्नुभयो । भारतमा भूमिअधिकार अभियान सञ्चालन गरिरहेको संस्था एकता परिषद, राष्ट्रिय महिला एकता मञ्चकी सचिव पुष्पा सिंहले "हामीकहाँ हुने अधिकांश हत्या, बलात्कार, कुटपिट लगायतका घरेलु हिंसाको एकमात्र कारण महिलाको भूमि र अन्य सम्पत्तिमा अधिकार नहुनु हो । त्यसैले अब हामी मार खान्छौं, जेल जान्छौं तर अधिकार प्राप्तिको आन्दोलनबाट पछि हट्दैनौ ।" भन्नुभयो । अतिथिको आसनबाट बोल्दै भूमि अधिकार तथा व्यवस्था मन्त्रालयका सचिव तीर्थराज शर्माले सरकारका विगतका कार्यक्रम समस्या समाधानकालागि पर्याप्त नभएको स्वीकार गर्दै यो प्रथम महिला सम्मेलनले भूमिमा महिलाको अधिकार स्थापित गर्न अवलम्बन गर्नुपर्ने उचित मार्ग निर्देशन तयार गरे सरकार त्यसलाई लागू गर्न तयार रहेको बताउनुभयो । राष्ट्रिय भूमि अधिकार सरोकार समूह, नेपालकी उपाध्यक्ष ज्ञानुदेवीको सभापतित्वमा सञ्चालित उक्त उद्घाटन सत्रमा भूमिहीनहरु( सुकुम्बासी, हलिया, कमैया, उखडा, गुठी, हरुवा, चरुवा, दलित लगायतका प्रतिनिधिहरुले समस्या र समाधानका उपायबारे बोलेका थिए ।



भूमिमा महिला अधिकार प्रथम राष्ट्रिय सम्मेलनका अतिथिहरु

सम्मेलनको दोस्रो सत्रमा सहभागीहरुले दलित, जनजाती महिला र भूमिमाथिको अधिकार, वर्तमान द्वन्द्व र भूमिमा महिलाको अधिकार, भूमिमा महिलाको अधिकार: बर्तमान अवस्था र भूमि नीति, सम्पत्ति अधिकारको सम्बन्ध, र भूमण्डलीकरण विषयमा छलफल र अन्तर क्रिया गरेका थिए ।

उल्लेखित विषयमा क्रमशः लक्ष्मी परियार, शोभा गौतम, जुलिया चित्रकार, छत्र कुमारी गुरुङ र यमुना घलेले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा महिलाहरुको वर्तमान अवस्था, कानुनी प्रावधानका बारेमा जानकारी गराइएको थियो । छलफल र अन्तरक्रियाको निचोडको आधारमा 'आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी' भन्ने मूल उदघोषकासाथ घोषणापत्र जारी गरिएको थियो । घोषणा पत्रमा भूमिमा महिला अधिकारका लागि प्रस्तावना सहित

नीतिगत अडानहरु तय गरिएको छ । भूमिमा महिला अधिकारको निम्ति बाधक देखिएको वर्तमान संविधान लगायतका कानुनहरु परिवर्तन गरी समतामूलक एवं लोकतान्त्रिक परिवेशमा नयाँ संविधान निर्माण गरिनुपर्ने, श्रम गर्ने महिला र पुरुष दुवैको अधिकार सुनिश्चित गरिनुपर्ने, जग्गाधनी पूर्जामा श्रीमान् श्रीमती दुवैको संयुक्त नाममा जारी गर्नुपर्ने, एकल महिलाको हकमा स्वत एवं स्वतन्त्र अधिकार कायम गरिनुपर्ने, विवाहपछि महिलाले पैतृक सम्पत्ति फिर्ता गर्नु पर्ने वर्तमान व्यवस्था खारेज गरिनु पर्ने आमाको नामबाट नागरिकता पाउने व्यवस्था, आदिवासी जनजातीहरुले परम्परागत रुपमा उपयोग गर्दैआएका सामुदायिक भू-क्षेत्रलाई (चरन, खोरिया ईत्यादी) सम्वन्धित जनजातीको सामूहिक अधिकार स्थापित गरी त्यसको पहुँच र उपभोगमा महिलाको समान कानुनी अधिकार संरक्षण आदि उल्लेख गरिएको छ । सम्मलेनले आगामी अभियानको रुपरेखा पनि अनुमोदन गरेको छ। जसमा महिलाको भूमि अधिकारको सवाललाई आधारभूत मानव अधिकारको सवालसँग गाँसेर लैजान राज्य, नागरिक समाज र अन्तराष्ट्रिय समुदाय सबैलाई यस विषयमा सचेत पार्न विभिन्न उपयुक्त नीतिगत पैरवी र अभियान चलाउने रहेको छ । त्यसैगरी भूमि अधिकारको महत्वबारे समुदायदेखि राष्ट्रिय तहसम्म बहस चलाउने र हरेक तहमा लैङ्गिक दृष्टिले भूमि सम्बन्धको परिवेश अध्ययन एवं विश्लेषण गर्ने वा गराउने र भूमि अधिकारबाट वञ्चितहरुको संगठनलाई समतामुलक ढंगले विस्तार र सुदृढ गर्दै जाने रहेको छ ।

सम्मेलनको दोस्रो दिन सहभागीहरुले काठमाडौंको माइतीघरस्थित शान्ति मण्डलाबाट जावलाखेलसम्म भूमिअधिकार र लोकतन्त्रका पक्षमा आवाज बुलन्द पार्दै शान्ति र्‍याली गरे । र्‍यालीमा विभिन्न मानवअधिकारवादी संस्था, नेपाल पत्रकार महासंघ लगायत दर्जनबढी संघसंस्थाहरुले ऐक्यबद्धता जनाएका थिए । त्यसैगरी सांस्कृतिक कार्यक्रमको माध्यमबाट सांगितिक समूह दियालो परिवारले कार्यक्रमको बीच बीचमा प्रेरणादायी एवं मर्मस्पर्शी गीत, संगीत, नाटकहरु प्रस्तुत गरेका थिए ।

## सहभागीमूलक समीक्षा र अभिमुखीकरण

भूमि अधिकार अभियान सहयात्री संस्थाहरुबीच सहभागिमूलक समीक्षा र अभिमुखीकरण क्रमशः सिराहाको लाहान र बाँकेको नेपालगंजमा सेप्टेम्वर २३-२४ र अक्टोवर ३-५ मा सम्पन्न भयो । समिक्षामा पूर्वाञ्चलका भूमि अधिकार अभियान सहयात्री संस्थाहरु अभियान नेपाल सुनसरी, जनचेतना दलित नेटवर्क सप्तरी, दलित संरक्षण अभियान मंच सिराहा र पश्चिमाञ्चल सहयात्री संस्थाहरु जिल्ला दलित नेटवर्क बैतडी, जिल्ला दलित नेटवर्क डडेल्धुरा, मीत नेपाल बर्दिया, दियालो परिवार बाँके, सामाजिक विकास तथा अनुसन्धान केन्द्र बाँके, उत्पीडित समुदाय जागरण मञ्च बाँके, भूमि अधिकार क्षेत्रीय मञ्च लमही, ग्रामीण महिला केन्द्र घोराहीका अभियान प्रतिनिधिहरुको सहभागिता थियो ।

विगत ९ महिनालाई आलोचनात्मक समीक्षा गर्दै आगामी डिसेम्बरसम्मको विस्तृत योजना तयार गरिएको छ । भूमि अधिकारको आन्दोलनलाई तिखार्दै र फैलाउँदै लैजान आवश्यक तौरतरिकाबारे छलफल र आदानप्रदान गर्दै परिवेश नक्शाकंन, सहभागीमूलक समीक्षा तथा मनन प्रक्रिया र सामाजिक लेखाजोखाबारे व्यवहारसँग जोडेर बुझ्ने र अभ्यासका लागि योजना बनाउने, अभिलेखनबारे खाकाका साथै श्रोत व्यवस्थापन र आगामी सोच तयार गरिएको छ । समीक्षा क्रममा स्थानीय अभियानकर्ता र जनसंगठनबारे छलफल चलाइएको थियो । अभियान गरेर मात्र हुँदैन् त्यसको अभिलेखन र प्रदर्शन गर्नुपर्छ भन्ने उद्देश्यले अभियान ग्यालरी पनि प्रदर्शन गरिएको थियो । सहयात्रीहरुले गरेका कार्यको उपलब्धी, क्रियाकलाप र सम्बन्धित फोटो एवं स्थानिय भनाईहरुलाई ग्यालरीमा समेटिएको थियो ।



सहभागीमूलक समिक्षा गर्दै सहभागीहरु

सयवटा क्रियाकलाप गर्नुभन्दा एउटा कार्य गर्नु धेरै वेश हुन्छ भन्ने सिकाईलाई आत्मसात गर्नुपर्ने र सबै मिली अधिकारको लागि संघर्ष गरौ भन्ने मुल ध्येयका साथ समीक्षा सम्पन्न भएको थियो । धेर सवालको एकै संगठन बनाउनुभन्दा थोर सवाललाई समेटी धेरै सदस्य संख्या भएको ठूलो जनसंगठन बनाउनु राम्रो हुने, स्थानीयस्तरका सवाललाई राष्ट्रिय वा जिल्लाका सवालसँग जोड्नुपर्नेमा सहभागीले जोड दिएका छन् । हामीले गरिआएका कार्यहरुलाई अभिलेखन गर्न नसक्नु, संगठनको स्वरुप जनसंगठनको रुपमा विकास हुन नसक्नु, पीडितहरुको सहभागिता भएपनि चाहेजति सक्रियता हुन नसक्नु, स्थानीय तहमा राष्ट्रिय भूमि अधिकार मञ्चको पहिचान हुन नसक्नु र अभियानमुखी संस्थाको रुपमा अझ पहिचान हुन बाँकी नै रहेको अभियानको मुख्य कमजोरी पक्ष रहेको र यसलाई आगामी दिनमा सुधार्दै लैजानुपर्नेमा जोड दिइएको छ । अभियानका लागि आएको श्रोत हाम्रो आफ्नै भएको र यसलाई सबै मिलेर अधिकतम सदपयोग गर्नुपर्ने साथै आ-आफ्नो संस्थामा आएको आर्थिक श्रोत र त्यसको परिचालन प्रक्रिया एवं अवस्थाबारे एकआपसमा जानकारी हुनुपर्नेमा जोड दिइएको छ ।

# जिल्लागत अभियान क्रियाकलाप

**बैतडी**

## हलिया सम्मेलन सम्पन्न

जिल्ला दलित नेटवर्क बैतडीको आयोजनामा २०६२, जेठ २२-२४ मा जिल्लास्तरीय किसान तथा हलियाहरुको सम्मेलन र भूमि अधिकार भेला सम्पन्न भएको छ। भूमि अधिकार अभियानबारे जानकारी गराउने उद्देश्यले आयोजना गरिएको भेलामा स्थानीय भूमिपीडित, हलिया र सरोकारवाला निकायका प्रतिनिधीहरुको उपस्थिति थियो।

कार्यक्रममा जिल्ला अभियानकर्ता नरीराम लोहारले भूमिअधिकार र हलिया प्रथा सम्बन्धी अवधारणा पत्र प्रस्तुत गर्नुभएको थियो। अवधारणा पत्रमा पश्चिम भेगमा दासप्रथाको अवशेषको रुपमा रहेको हलिया प्रथाबाट विशेष गरी दलित जातिहरु पीडित भएको उल्लेख गरिएको छ।

यस जिल्लाको कूल क्षेत्रफल १ लाख ४७ हजार ६७८ हेक्टर छ। जसमध्ये २१ प्रतिशत जमिन खेतीयोग्य छ। त्यसमा गरीव दलितहरुको पहुँच छैन। बैतडी जिल्लामा हली, खली प्रथा कायम नै रहेको छ। सुकुम्वासी समस्या समाधान आयोगले बैतडी जिल्लामा २०५२ सालमा लिएको तथ्यांक अनुसार ४० वटा गा.वि.स.मा जग्गा नहुने परिवार संख्या ५५६ छ। जसमध्ये ३७१ परिवार दलित मात्र छन। ऋण लिएको पैसाको व्याज र केही अन्नको भरमा काम गर्नुपर्ने हुँदा हलियाको आर्थिक स्थिति सधै कमजोर हुने र लिएको ऋण पुरानो रकममा जोड्दिै जाने प्रकृयाले ऋण थपिदै जाने गरेको छ।

यस्तो दासतापूर्ण प्रथाको अन्त गर्न हलिया किसानहरु एकजुट हुन आव्हान गरिएको छ। भूमिको असमान पहुँच र वितरणले गर्दा समाजमा हली, खली, डोली प्रथा, अशिक्षा, वेरोजगारी, लिङ्गीय विभेद, जातिय विभेद जस्ता समस्या यथावतै छ। यी समस्याहरुको समाधान र हलियाहरुको पुनर्स्थापनाका लागि भूमिको आवश्यकता रहेको जानकारी त्यसक्रममा गराइएको थियो। समस्याको प्रमुख कारण र जिविकोपार्जनको मुख्य स्रोत भूमि हो र यसमा सबै वर्गको पहुँच हुनुपर्छ भन्ने कार्यक्रमको निश्कर्ष रहेको छ।

## विचार आदानप्रदान गोष्ठी

जिल्ला दलित नेटवर्क बैतडीद्वारा हलिया परिवारका महिलाहरुबीच २ दिने विचार आदानप्रदान गोष्ठी २०६२ श्रावण २३ र २४ गतेका दिन जगन्नाथ बहुमुखी क्याम्पस गोठलापानी हलमा सम्पन्न भयो। उक्त कार्यक्रममा ४५ महिला र ११ पुरुष गरी ५६ जनाको सहभागिता थियो। आफ्नो जमीन नहुँदा हलिया महिलाहरुले भोग्दैआएका पीडालाई बाहिर ल्याउने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो।

कार्यक्रमका सबै सहभागीहरुले एकअर्काको हात समाती सहभागिमुलक तरिकाबाट उद्घाटन गरेका थिए। दुई दिनसम्म चलेको सो कार्यक्रममा हलिया भएका कारण महिलाहरुमा परेको असर सम्वन्धमा व्यापक छलफल चलेको थियो। देशका सम्पूर्ण महिलाहरु सामाजिक, आर्थिक, शैक्षिक र राजनीतिक रुपमा पुरुषहरुको तुलनामा पछाडि परेका छन्। जसमा बधुवा मजदुरीमा (हलिया, खलिया) काम गरिरहेका परिवार का महिलाहरु झनै उत्पीडनमा रहेको महिला सहभागीहरुले ब्यक्त गरेका छन्। महिलाहरुले मालिक र आफ्नो घरमा गरी दैनिक १९ घण्टा काम गर्नु पर्ने (विहान ४ वजे देखि बेलुका ११ बजे सम्म), समयमा चित्त बुझ्दो काम गर्न नसके गाली धम्की खानुपर्ने, डाँडाकाँडाबाट डाँको हालेर काममा बोलाउँदा आफ्नो मन दुख्ने, हलो जोत्नेबाहेक मालिकको घरमा अन्य काम गर्नु पर्दा महिलानै जानु पर्ने (खेतीपाती थन्काउन घाँस काट्न ...), दिनभरी काम गरेबापत एक छाक खान र एकमाना चामल वा पिठो मात्र पाईने, हलिया भएर काम गर्न नसके जमिन बेचेर ऋण तिर्नुपर्ने र खान लाउन समस्या समाधान गर्न पुरुषहरु रोजगारीका लागि भारत वा अन्य ठाउँ, घर बाट टाढा जाने हुँदा परिवारको सम्पूर्ण जिम्मेवारी महिला माथि आईपर्ने जस्ता पीडा भोग्नुपर्ने बाध्यता छ।

हलिया महिला र बालबालिकामा शारीरिक, मानसिक असर नराम्रो परेको छ। वर्षभरी खान नपुग्नु, उचित स्याहार नपुग्दा महिला र बालबालिकाको स्वास्थ्य स्थिति कमजोर हुनु, गर्भवती अवस्थामा महिलाहरुले कडा परिश्रम गर्नु, बालबालिकाहरुले आमाबुबालाई काममा सघाउनु पर्ने हुँदा विद्यालय जानबाट वञ्चित हुनु, रोजगारीका लागि भारत जाने गर्दछन् भने खान लाउन समस्याले उमेर नपुग्दै केटीहरुको विवाह गरिदिने जस्ता बाध्यात्मक अवस्था छ। पुरुष हलिया विरामी भएमा महिलाले जिम्मेवारी लिनुपर्ने र हलिया घृणित पेशा मानिने हुँदा सम्मान नपाउने जस्ता समस्या यथावत छन्।

हलिया प्रथाको असर महिला बालवालिकामा बढी पर्ने हुँदा पुरुषहरुको तुलनामा महिलाहरु हलिया मुक्ति पाउन बढी संवेदनशील रहेको कार्यक्रमका सहभागीले बताएका छन्। 'हामी पैसा हैन सधैको लागि मुक्त हुन चाहान्छौ' हलिया महिलाहरुले एकसाथ भने। हामी हलिया प्रथा विरोधी अभियानमा सहयोग गर्न राजनीतिक दलका प्रतिनिधीहरुले प्रतिवद्धता ब्यक्त गरेका छन्।

**डडेल्धुरा**

## महिला हलिया संगठन

सुदुर पश्चिमाञ्चलका पहाडी क्षेत्रमा परापूर्व कालदेखी दलित पुरुषहरु दासको रुपमा जमिनदारको हलो जोत्ने र महिलाहरु गोठको मल फाल्ने, भाँडा धुने साथै छोराछोरी गोठाला गर्नुपर्ने परम्परा चल्दैआएको छ। यस्तो परम्परालाई तोड्नुपर्छ भन्दै डडेल्धुरा जिल्ला अमरगढी न.पा.८ खनमडाकी काली पार्कीको नेतृत्वमा महिला हलिया संगठन निर्माण भएको छ। संगठित महिलाले जमिन्दारले हलिया महिलाहरुमाथि गर्ने दुरव्यवहार कसरी समाधान गर्ने, हलिया मुक्तिबारे चेतना कसरी फैलाउने भन्ने विषयमा छलफल गर्ने गरेका छन्। यसबाट हलिया महिलाहरुमा भूमिमा हक अधिकार पाउन सकिन्छ भन्ने विश्वास बढेको छ।

**बर्दिया**

## साँस्कृतिक कार्यक्रम

२०६२ जेठ १ र २ गते बर्दिया जिल्लाको विभिन्न स्थानमा दियालो परिवार बाँकेको प्राविधिक सहयोग र मीत नेपाल बर्दियाको आयोजनामा भूमि अभियान सांस्कृतिक

कार्यक्रम सम्पन्न भएको छ। स्थानिय भाषामा भूमिसँग सम्बन्धित नाच, गीत र नाटक प्रस्तुत गरी भूमि अधिकार अभियानबारे जानकारी गराउनु र हक स्थापित गर्नका लागि पीडितलाई नै अघि बढाउनु कार्यक्रमको उद्देश्य थियो।



भूमिसम्बन्धी नाटक प्रस्तुत गर्दै दियालो परिवार, बाँकेका कर्मीहरु


साँस्कृतिक कार्यक्रममा उपस्थित पीडितहरुले वर्षौदेखि जमिन्दारको जग्गा जोतेर आफ्नो जीविका धान्दैआएको तर अहिलेको देशको परिस्थितिका कारण जोतेकै भरमा वर्षभरी खान लाउन नपुग्ने भएकोले देश छाडी पैसा कमाउन विदेश जान बाध्य भएको बताएका थिए। आफ्नो जमीन नभएको कारण यस्तो समस्या आएको उनीहरु बताउँछन्।

नेपाली भएर पनि नागरिकताविहीन हुनुपर्दा विभिन्न सुविधाबाट वञ्चित हुनुपरेको समस्याहरु कार्यक्रम प्रस्तुतीमा पीडितहरुले बताएका थिए। भूमि अभियानलाई सशक्त रुपमा लैजानका लागि साँस्कृतिक कार्यक्रमले सकारात्मक प्रभाव पारेको थियो र स्थानीय भाषाका गीत र नाटकबाट पीडितहरुले प्रशस्त शिक्षा लिएका थिए। आगामी दिनहरुमा पीडितहरुले संगठित भई अधिकारका लागि अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गरेका थिए।

## स्थानिय अभियानकर्ता तालिम

स्थानीय अभियानकर्ता र पीडितहरुका लागि २ दिने भूमि अधिकार अभियान तालिम यही भाद्र १४ र १५ मा मीत नेपाल बर्दियाको आयोजनामा सम्पन्न भएको छ। तालिममा स्थानीय अभियानकर्ता, समूह सदस्य र पीडितहरुसहित ७ महिला र १५ पुरुष गरी २२ जनाको उपस्थिति रहेको थियो। तालिमको उद्देश्य भूमि अधिकार अभियानबारे जानकारी गराउने, समस्या पहिचान गर्ने र समाधानका लागि उपाय पत्ता लगाई अडान तय गर्नु रहेको थियो।

बर्दिया जिल्लाको मुख्य समस्याको रुपमा रहेको नागरिकता समस्या, मोही, सुकुम्बासी, भूमिहीनता, मुक्त कमैया, समान ज्याला जस्ता समस्याका बारेमा छलफल र अडान तय गरिएको छ। सहभागीहरुले भूमि अभियानलाई आफ्नै अभियान भएको र यसलाई अगाडि बढाउने प्रतिवद्धता गरेका



आफ्नो कुरा राख्दै तालिमका सहभागी

छन्। जोतभोगको आधारमा मोही हक पाउनुपर्ने, बाबुको अंगीकृत नागरिकता भएमा सन्तानले वंशजको आधारमा नागरिकता पाउनुपर्ने, मोही प्रमाणपत्रका आधारमा नागरिकता पाउनुपर्ने, गाविस सर्जमिनको आधारमा नागरिकता दिनुपर्ने अडान लिएका छन्. ५ वर्षदेखि लगातार जोतभोग गर्दैआएको जग्गा जोतभोगको आधारमा दर्ता हुनुपर्छ र सरकारले भूमिहीन ५ जनासम्मको परिवारलाई कम्तीमा १० का जग्गा निशुल्क प्रदान गर्नुपर्नेमा जोड दिएका छन्। मुक्त कमैयालाई आधारभूत सुविधाका साथै कम्तीमा प्रतिपरिवार १० का जग्गा उपलब्ध गराउनुपर्ने र जिल्लामा कम्तीमा असी रुपैया ज्याला लागू गर्नुपर्ने र समान कामको समान ज्याला हुनुपर्ने जस्ता अडान निकालेका छन्.

तालिममा पीडित सहभागीले लालपूर्जा नभएका कारण नागरिकता नभएको र सुकुम्बासी बन्नु परेको व्यथा सुनाएका थिए। बर्दिया जिल्लामा भएका भूमि आन्दोलन जस्तै खल्यान लुट्ने अभियान, कन्दरा आन्दोलनका बारेमा पनि चर्चा गरिएको थियो। त्यसैगरी अभियानकर्ताको भूमिकाबारे छलफल गरिएको थियो।

### बाँके

## प्रशिक्षण शिविर सम्पन्न

भूमि अभियानका कार्यरत सामाजिक विकास तथा अनुसन्धान केन्द्र, उत्पीडित समुदाय जागरण मञ्च र दियालो परिवार बाँकेको संयुक्त आयोजनामा जेठ २४-२६ मा अभियानकर्ता प्रशिक्षण शिविर सम्पन्न भएको छ। २० गाविसमा ८० जना भूमि अधिकार अभियानकर्ता निर्माण गर्ने र भूमिको जल्दाबल्दा सवालको पहिचान गरी अन्य १० वटा गा.वि.स.मा पनि संगठन निर्माण गर्ने तयारी अन्तर्गत उक्त शिवीर चलाइएको थियो। जिल्लामा ४० वटा गा.वि.स. हरुमा संगठन निर्माण गर्ने योजना रहेको छ।

जबसम्म भूमिहीन किसानहरुले भूमिमा अधिकार पाउँदैनन् तबसम्म भूमि समस्या रहिरहन्छ। भूमिको समान वितरण, गाँसबास कपासको ग्यारेण्टी, सामाजिक न्याय र समुन्नतीको लागि जोताहामुखी ऐन कानूनको निर्माण र भएका कानूनको उचित कार्यान्वयन गर्न गराउनका लागि एकजुट हुनुपर्ने कुरामा जोड दिइएको छ। भूमिहीनको संख्या, पेशा र जिविकोपार्जनको स्थिति अध्ययन गरिनुपर्ने, जोतभोगको आधारमा हक पाउनुपर्ने,

# जिल्लागत अभियान क्रियाकलाप

हलियाको सम्पूर्ण ऋण मिनाहा गरिनुपर्ने, जोतभोगको आधारमा उखडा जग्गाको धनीपुर्जा दिइनुपर्ने, मुक्त कमैयालाई प्रति परिवार १० कठ्ठाका खेतीयोग्य जग्गा उपलब्ध गराउनुपर्ने र भूमिमा महिला पुरुष दुबैको स्वामित्व हुनुपर्ने जस्ता अडानहरु तय गरिएको छ ।

सहभागीहरुले 'हामी भूमिमा काम गर्ने किसानहरु हामी आफैबाट काम शुरु गरौ' भनि समुदायमा अभियानसम्बन्धी नारा, गीत लगाउँदै श्रमदान (सरसफाई) गरेका थिए ।

## मुठीदान संकलन अभियान

बाँकेका भूमि अभियानकर्ताहरुले भूमि अधिकार अभियानको निरन्तरता र आत्मनिर्भरताको लागि वैशाखबाट मुठीदान संकलन अभियान थालनी गरेका छन् । मुठीदानबाट अभियानप्रति अपनत्व बढ्ने र दिगो गराउन सकिने राय पीडितबाट नै आएको हुनाले यो अभियान शुरु गरिएको छ । संकलित मुठीदानबाट पश्चिमाञ्चलमा सम्पन्न साइकल यात्राका यात्रीलाई खाना समेत खुवाइएको थियो । मुठीदान संकलन गर्नुपूर्व अभियानकर्ता र पीडितहरुले कसरी मुठीदान संकलन गर्ने भनि छलफल गरेका थिए ।

स्थानिय अभियानकर्ता र सहयोगीहरुले 'भूमि अधिकार अभियानको लागि मुठीदान गरौं' भन्ने नाराका साथ मुठीदान संकलन गरेका थिए । विहान १० :०० देखि ४ :०० बजेसम्म मुठीदान उठाउने निश्चित समय तोकिएको थियो । मुठीदान संकलन गर्न बाँकी स्थानमा सहयोगी आफैले उठाउने भएका छन् भने यस अभियानलाई व्यवस्थित गरी निरन्तरता दिने सोचाई पीडित अभियानकर्ताहरुको छ । यसबाट अभियानप्रति विभिन्न व्यक्ति, संघसंस्था, पीडितहरु सकारात्मक र सहयोगी हुने आशा लिइएको छ ।

## सार्वजनिक बहस

बाँके जिल्लामा भैरहेको भूमि अधिकार अभियानलाई सहयोग पुऱ्याउने उद्देश्यले सामाजिक विकास तथा अनुसन्धान केन्द्र नेपालले 'भूमि पीडितका समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रम २०६२ श्रावण १२ मा सम्पन्न गरेको छ । कार्यक्रममा भूमिहीन, मोही, कमैया तथा सुकुम्वासी र सरोकारवाला गरी ५९ जनाको सहभागिता रहेको थियो । भूमिअधिकार मञ्च बाँके, सामाजिक विकास तथा अनुसन्धान केन्द्र नेपाल, दियालो परिवार र बागेश्वरी असल शासन श्रोता क्लवको सयुक्त आयोजनामा सम्पन्न कार्यक्रममा बाँके जिल्लाका भूमिसुधार कार्यालयका सहायक अधिकृत गजेन्द्र कंडेल, नापी अधिकृत शिववचन प्रसाद यादव लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सामाजिक विकास तथा अनुसन्धान केन्द्र नेपालका सचिव विष्णु पोखरेलले भूमि अधिकार सम्बन्धी आधार पत्र प्रस्तुत गर्नुभएको थियो ।

आधारपत्रमा भूमिको असमान वितरणले भूमि पीडितहरु नारकीय जीवन व्यतित गर्न बाध्य भएका र कानुनी प्रावधानहरु समेत भूमिपीडितका पक्षमा नभएको उल्लेख छ । 'सही नीति र कार्ययोजना नहुँदा समस्या जहाँको त्यही छ । थोरै व्यक्तिको धेरै जमीनमाथि पहुँच भएका कारण पुरानो सामाजिक शक्ति संरचना कायमै रहेको स्थिति छ' आधारपत्रमा भनिएको छ । बाँके जिल्लामा मात्रै २२ हजार भूमिहीन सुकुम्बासी, ७ हजार मोही र ३ हजार १ सय ७६ कमैया रहेको पत्रमा उल्लेख छ । मोही, कमैया, सुकुम्वासी जस्ता भूमिसम्वन्धी सवालहरुको समाधानका लागि पत्रमा अडानहरु समेत तय गरिएको छ ।

पीडितहरुका समस्या समाधानका लागि के गर्न सकिन्छ भन्ने प्रश्नमा नापी शाखा र भूमिसुधार कार्यालयका प्रतिनिधिहरुले समस्या समाधान गर्नको निम्ति सक्दो प्रयास गर्ने, तत्काल अध्ययन गरी उजुरीहरुको समाधान गर्ने, नापनक्सा भई लालपूर्जा वितरण भएको तर श्रेस्ता कायम नभएकालाई श्रेस्ता कायम गर्न आवश्यक पहल गर्ने, विभिन्न निकायबाट हुने ढिला सुस्तीको तत्काल अन्त्य गर्ने र पहिचान भएका कमैयाहरुलाई तीन महिनाभित्र परिचय पत्र वितरण गर्ने लिखित प्रतिवद्धता व्यक्त गरेका छन् ।

## अन्तरक्रिया कार्यक्रम

२०६२ भाद्र १६ मा उत्पीडित समुदाय जागरण मञ्च (डोक्फा) नेपालको व्यवस्थापनमा जिल्ला भूमिअधिकार मञ्च बाँकेको आयोजनामा 'राज्यको भूमि व्यवस्था भूमि पीडितको आन्दोलन र राजनीतिक पार्टीहरुको भूमिका' विषयक एकदिने अन्तरक्रिया कार्यक्रम नेपालगंजमा सम्पन्न भयो । विभिन्न राजनीतिक पार्टीका प्रतिनिधी, पत्रकार, संघसंस्थाका प्रतिनिधी र भूमिपीडित अभियानकर्ता गरी ३३ जनाको उपस्थिति थियो ।

भूमि अभियानबारे जानकारीका साथै अभियानका लागि सल्लाह, सुझाव एवं समर्थन जुटाउने र राजनीतिक दलहरुको भूमिको विषयमा स्पष्ट धारणा बुझ्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो । अनौपचारिक रुपमा संचालन गरिएको उक्त कार्यक्रममा डोक्फा नेपालका कोषाध्यक्ष इमानबहादुर सुनारले छलफलका लागि आधारपत्र प्रस्तुत गर्नुभएको थियो । आधारपत्रमा नेपालको सबैभन्दा ठूलो समस्या गरिबीको मुख्यकारण भूमिको असमान वितरण र भूमिहीनता रहेको उल्लेख गरिएको छ । जमिनमा सबैभन्दा बढी श्रम गर्ने तर उनीहरु नै



अन्तरक्रिया कार्यक्रममा आफ्नो कुरा राख्दै राजनीतिक दलका प्रतिनिधी

भूमिहीन र अति गरिब रहेका छन् । २००७-०४६ सम्म मूल घटनाका आधार ले ११३ पटक किसान आन्दोलन भएका र यी आन्दोलन गर्नेमा भूमिहीन किसान, वास्तविक भूमिपुत्रहरु नै भएको जानकार ी गराइएको छ । समय समयमा भूमि सम्बन्धी ऐन, सनद, सवाल, आयोग तथा कमिशन गठन भएता पनि जोताहा भूमि किसानको पक्षमा नभएको र भूमि समस्या झन कठिन बन्दै गएको उल्लेख छ ।

भूमि पीडित, सरोकारवाला निकायले आयोजना गर्ने क्रियाकलापमा सहभागिता जनाउने, भूमि बैंकको विरोध गर्ने, दर्ता भएका मुद्दाको विषयमा आन्दोलनमा साथ दिने, आफ्ना पार्टीका घोषणा पत्रमा किसानको समस्यालाई अझ महत्वपूर्ण स्थान दिने जस्ता प्रतिवद्धता कार्यक्रममा उपस्थित राजनीतिक दलका प्रतिनिधिहरुले जाहेर गरेका छन् ।

## भूमि पीडितहरुको र्‍याली तथा कोण सभा र पत्रकार सम्मेलन

२०६२ भाद्र ३० गते उत्पीडित समुदाय जागरण मञ्च (डोक्फा) नेपाल; सामाजिक विकास तथा अनुसन्धान केन्द्र र दियालो परिवार, बाँकेको संयुक्त आयोजनामा बाँकेको नेपालगंजमा भूमि पीडितहरुको र्‍याली सम्पन्न भएको छ । पुष्पलाल चोकबाट विभिन्न नारासहित शुरु भएको र्‍याली जिल्ला प्रशासन कार्यालयमा पुगी कोण सभामा परिणत भएको थियो । उक्त र्‍यालीमा भूमि पीडित, किसान, सामाजिक संघसंस्था, मानवधिकारवादी, राजनीतिक दलका प्रतिनिधी एवं पत्रकार हरुको उपस्थिति रहेको थियो ।

२०६१ भाद्रसम्ममा जग्गा बाँडफाँडका लागि दर्ता भएको निवेदन कार्यान्वयन, निवेदन दर्ता म्याद थप गर्न, भूमि बैंक खारेजीका लागि दवाब र भूमि पीडितको मागलाई सार्वजनिक गर्ने उद्देश्यले सम्पन्न र्‍यालीका पीडितहरुले सडकमै पत्रकार सम्मेलन गरी दर्ता भएका निवदेन तुरुन्त कार्वाही हुनुपर्ने, भूमि बैंक खारेजी हुनुपर्ने मागसहित राजनीतिक दलको भूमि अभियानमा ऐक्यबद्धताका साथ प्रशासनलाई माग कार्यान्वयका लागि चुनौती दिएका छन ।

राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव पूर्णप्रसाद अधिकारीले भएका ऐन नियमलाई कार्यान्वयनमा नल्याइएको र नेपाल अधिर ाज्यभर ७० हजार निवेदन दर्ता भएका छन् भने बाँकेमा मात्र ८ हजार निवेदनहरु दर्ता भएको जानकारी गराउनुभयो । राज्यले पटक पटक भूमिसुधारका कार्यक्रमहरु ल्याएपनि त्यो व्यवहारिक र प्रभावकारी नभएको बताउँदै गरिवलाई झनगरिव बनाउने भूमि बैंकको विरोध गर्नुपर्ने र जनताको पक्षमा भूमि ऐन निर्माण गर्नुपर्ने साथै ३ महिनाभित्र हाम्रो मागमा सुनुवाई नभएमा चरणवद्ध आन्दोलनमा जाने बताउनु भयो ।

कार्यक्रममा वक्ताहरुले सरकारले ऐनमा भएका कुरा लुकाएर राख्ने र मोही जग्गा बाँडफाँडका लागि दर्ता भएका निवेदन उपर छलफल तथा कार्वाही अगाडि नबढाइएको कारणले भूमि पीडितहरु बाध्य भएर आन्दोलनमा उत्रनु परेको कुरा व्यक्त गर ेका थिए । र्‍यालीमा भूमिपीडितहरुको अधिकारको पक्षमा ऐक्यबद्धता जाहेर गर्दै जनमोर्चा नेपालका वेदप्रकाश आचार्यले जमिनको बाँडफाँड न्यायोचित हुनुपर्ने र गरिखाने वर्गको सत्ता हुनुपर्ने बताउनुभयो । ने.क.पा. एमालेका देवराज भाटले क्रान्तिकारी भूमि ऐन निर्माण गरी पीडितहरुको समस्या सामाधान गर्नुपर्ने कुर ामा जोड दिनुभयो । त्यसैगरी पीडितहरुले गरिबहरुको समस्यामा कसैको ध्यान पुग्न नसकेकोले सम्पूर्ण भूमि पीडितहरु एकभई आफ्ना मागहरु पुरा नहुन्जेल निरन्तर आन्दोलन गरिरहने बताएका छन् ।

**दाङ**

## अभियानकर्ता लेखन तालिम

ग्रामीण महिला उत्थान केन्द्रको आयोजनामा २०६२ असार ७-९ सम्म लेखन सहयोगी तालिम सम्पन्न भएको छ । स्थानिय भूमि अभियानकर्ताहरुलाई लेखनदासहरुद्धारा सो तालिम प्रदान गरिएको थियो । भूमिसम्बन्धी व्यवहारिक कानुनी सीपको विकास गर्नु र सामुदायिक विकासमा पछाडि परेका वर्गहरुको समानुपातिक सहभागिता बढाउन सहयोग गर्नु तालिमको उद्देश्य रहेको थियो ।

तालिममा व्यवहारिक कानुनी लेखन सीप जस्तै चार किल्ला प्रमाणितको लागि सिफारिस, नागरिकताको प्रमाण पत्र, कपाली तमसुक र भपाई राहदानीका लागि निवेदन, विवाह दर्ता प्रमाणपत्रका लागि निवेदन, नाता प्रमाणितको लागि सिफारिस, नाम थर संसोधनको लागि सिफारिस, जग्गा नामसारीको लागि सिफारिस जस्ता लेखनहरुबारे अभ्यास गराइएको थियो ।

तालिमका सहभागीहरुले लेखन सहयोगी तालिमबाट निवेदन, फाराम भर्ने सीप प्राप्त गरेका छन् । लेखनदासहरुले कानुनी सल्लाह र सहयोग आवश्यक परेको वेला जुनसुकै कामको लागि पनि सहयोग गर्ने प्रतिबद्धता जाहेर गरेका छन् । लेखापढी व्यवसायीका सदस्य अमर थापाले कानुन र फर्मको वारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

## भूमि अधिकार भेला

भाद्र ८, २०६२ मा त्रिभुवन नगरपालिका १० झिगौरा स्थित गुठी समिति र ग्रामीण महिला उत्थान केन्द्रको संयुक्त आयोजनामा भूमि अधिकार भेला सम्पन्न भएको छ । गुठी समिति अध्यक्ष श्री प्रभुर ाम चौधरीको सभापतित्वमा संचालन भएको भेलामा गुठी समितिका सदस्य र ामु चौधरीले कार्यक्रम संचालन गर्नु भएको थियो । कार्यक्रममा विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधी, पीडित किसान, महिला सहित ८५ जनाको सहभागिता थियो ।

भेलामा उपस्थित गुठी पीडित किसानहरुले तीनपुस्तादेखि गुठीको जग्गामा बस्दै आएको तर हालसम्म हक प्राप्त गर्न नसकेको बताएका थिए । हकका लागि जिल्ला पुनरावेदन र सर्वोच्च अदालतसम्म पुगिसकेको तर समस्या समाधान नभएको र अब जग्गाको कुत तिर्न सकिदैन भने । पीडित मुक्तकमैयाहरुले श्री ५ को सर कारले कमैयालाई ५ का जग्गा दिने नियमलाई व्यवहारमा उतार्नुपर्नेमा जोड

## जिल्लागत अभियान क्रियाकलाप

दिएका छन् । 'भाँडामा राख्ने दाना छैन भने दाउरा के गर्ने ?' 'बस्ने बास छैन भने बाखा कहाँ बस्ने ?' भन्ने प्रश्न राखेका थिए । आजसम्म कमैया मुक्त नभएर उल्टै जमिन्दारहरु मुक्त भएको र कमैयाहरु



भूमि अधिकार भेलामा राष्ट्रिय भूमि अधिकार मन्चका महासचिव पूर्ण प्र. अधिकारीले आफ्ना विचार राख्दै

सडकमा आएपछि स्थिति झन बिकराल बन्न पुगेको साथै आधारभूत आवश्यकताबाट समेत वञ्चित हुन पुगेको पीडितहरुले बताएका थिए ।

आदिवासी जनजाति महासंघ दाङका अध्यक्ष सौगतविर चौधरीले दाङमा थारु राजा दङ्गीशरणले राज्य गरेका भए पनि अहिले आदिबासी कहलाउने थारु जाती भूमिहीन बनेका र जमिन्दारको घरमा दास बन्न पुगेको बताउनुभयो । नीति निर्माण तहमा जमीनदारहरुको वर्चस्व भएकोले भूमिहीन किसानको हीत हुन नसकेको र यो समस्या अझै जटिल बन्दै गइरहेको छ भन्नुभयो । किसान अधिकार का लागि सहयोगी समूह, सिन्धुपाल्चोकका सोमप्रसाद भण्डारीले आफ्नो अधिकार लिनलाई भूमिपीडित किसान एकजुट भई लाग्नुपर्नेमा जोड दिनुभयो । दाङलाई मध्यनजर राखेर निकालेको सूचनालाई नजीर बनाएर अभियान चाल्दा हामी हक प्राप्त गर्न सफल भयौ, उहाँले भन्नुभयो । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका जगत बस्तेतले पहिले सयमा ८२ जनासँग जग्गा थियो भने अहिले सय जनामा १८ जनासँग जग्गा छ । नेपालको सन्दर्भलाई हेर्ने हो भने राजगुठी, नीजि गुठी र छुट गुठी र हेको देखिन्छ । २०४९ सालको दोश्रो संसोधनले निजी गुठी र छुट गुठीलाई पनि राज गुठीमा लैजान सकिने नियम रहेको र एकपटकको भर्पाइ (प्रमाण) भएमा मोहियानी हक पाउनुपर्ने अडान हाम्रो रहेको जानकारी गराउनुभयो ।

राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले धार्मिक संघसंस्था हेर्ने जिम्मा किन भूमिहीन गरिबको जिम्मा छ ? यसलाई जोगाउन अरु किन जिम्मेवार छैनन् ? स्वास्थ्य, शिक्षा यी यावत कुराको विभिन्न विज्ञापनद्धारा प्रचारप्रसार गरिन्छ तर भूमि अधिकार बारेमा किन प्रचार प्रसार गरिदैन ? नीति निर्माण तहमा बस्ने शोषण गर्ने जमिन्दारहरुले नीति नियम जमिन्दारकै पक्षमा गर्ने हुनाले यस्तो असमान नीतिनियमलाई संसोधन गर्नुपर्छ भन्नुभयो । दियालो परिवारले भूमि अधिकार अभियान सम्बन्धी गीत, कविता र नाटक प्रस्तुत गरेको थियो । यसबाट मनोरञ्जनको साथै भूमिपीडितलाई अभियान प्रति जागरुक बन्न मद्दत पुगेको थियो । प्रस्तुत गीत, कविता र नाटकले भूमिहीनको आवश्यकता र अवस्थाको जानकारी र कसरी जमिनदारले शोषण गर्दछ र हाम्रा छोराछोरीलाई कमैयाको रुपमा दासी बनाएका छन् भनेर देखाइएको थियो ।

झिगौंरा गुठी समितिका अध्यक्ष प्रभुराम चौधरीले भूमिपीडितहरु एकजुट भएर लाग्नुपर्ने र काँधमा काँध मिलाएर होस्टेमा हैसे गर्दै एक आवाज गरेर जानुपर्छ, तबमात्र अधिकार प्राप्त गर्न सक्छौ भन्नुभयो । गुठी समितिको आयोजनामा संचालन भएको भूमिअधिकार भेलाले भूमिपीडितलाई एकजुट हुन थप हौसला प्रदान गरेको छ । जसरी एउटा हातले ताली बज्दैन त्यसरी एउटा आवाज, एउटा व्यक्तिले केही गर्दैन । उसको आवाजलाई कसैले पनि सुन्दैन । त्यसैले आवाजमा आवाज मिलाउदै, हातमा हात मिलाउदै हाम्रो शक्ति प्राप्त र हामीले अधिकार प्राप्त गर्न सक्छौ भन्ने निश्कर्षका साथ समापन भएको थियो ।

**सिन्धुपाल्चोक**

### भूमि अधिकारका लागि र्‍याली र सभा

'प्रजातन्त्र, शान्ति र भूमि अधिकार' भन्ने मुलनाराका साथ जेष्ठ २४ गते जिल्ला




र्‍यालीमा नारा लगाउँदै कार्यक्रमका हभागीहरु

भूमि अधिकार मंच सिन्धुपाल्चोकको आयोजनामा भूमि सभा सम्पन्न भएको छ । सभामा विभिन्न राजनीतिक दलका प्रतिनिधी, पीडित, पत्रकार र बुद्धिजीवि वर्गहरुको उपस्थिति थियो । प्रमुख अतिथि नेकपा एमालेका सुवास कार्मचार्य, नेपाली काँग्रेसका झम्क नेपाल, महासंघका अध्यक्ष सोम सापकोटा, नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोकका सभापति ऋषिराम पौडेल, भूमि अधिकार जिल्ला सरोकार समुहका अध्यक्ष शम्भू सापकोटा लगायतले भूमि अभियानमा सकृय सहभागिहरुलाई संगठनका तर्फबाट ऐक्यवद्धता जाहेर गरेका

# जिल्लागत अभियान क्रियाकलाप

छन् ।

जिल्लाका तिनै क्षेत्रबाट ६ सय पीडित किसान, शिक्षक, विद्यार्थी, समाजसेवी, मानवअधिकारवादीहरुको ऱ्याली गाउँमुखी भूमि ऐनको माग गर्दै सभामा परिणत भएको थियो ।

## गाउँ भूमि सम्मेलन

सिन्धुपाल्चोकका भूमि अधिकारबाट वञ्चित किसानहरु आफ्नो हक प्राप्त गर्न सहज हुने भूमि ऐन निर्माणका लागि दवाब दिन गाउँ गाउँमा भईरहेका भूमि पीडितहरुको गाउँ सम्मेलनमा सहभागिता जनाइरहेका छन् । 'भूमि अधिकारका लागि संविधान सभा, संविधान सभाको पक्षमा गाउँ भूमि सम्मेलन' भन्ने मूलनाराका साथ भइरहेका भूमि सम्मेलनबाट भूमि ऐन निर्माणका लागि महत्वपूर्ण सुझावहरु प्राप्त भएका छन । सम्मेलन सँगै भूमि अधिकारबाट वञ्चित किसानहरुलाई भूमि अधिकार मञ्चको सदस्यता वितरण गर्ने योजना तयार भएको छ । गाउँ सम्मेलनहरुबाट क्षेत्रिय भूमि सम्मेलन असोज १४-१५ का लागि प्रतिनिधि समेत छनौट गरिएको छ ।

सिम्पालकाभेमा मिङमर लामाको अध्यक्षतामा ५ सदस्यीय, बाँडेगाउँमा चुडामणि कोइरालाको अध्यक्षतामा ९ सदस्यीय, नवलपुरमा संचमाया तामाङको अध्यक्षतामा ७ सदस्यीय, चौतारा इर्खुमा डम्बरसिं तामाङको अध्यक्षतामा ९ सदस्यीय संयुक्त गाउँ अभियान समिति गठन भएका छन् ।

## अर्धबार्षिक समिक्षा तथा रणनैतिक योजना तयारी

सिन्धुपाल्चोक जिल्लाका भूमि अधिकार अभियानमा संलग्न भएका स्थानिय संस्थाहरु ग्रामीण विकास समाज, सामुदायिक विकास तथा वातावरण संरक्षण मञ्च र किसान अधिकारका लागि सहयोगी समूहको अभियानको समिक्षा गरी आगामी आन्दोलनको बाटो तयार गर्ने उद्देश्यले जिल्ला स्तरिय समिक्षा तथा योजना तर्जुमा बैठक ८ र ९ श्रावण, २०६२ मा सम्पन्न भएको छ । समिक्षामा १ महिला र १५ पुरुष गरी १६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा भूमि अभियानका बलिया एवं कमजोर पक्षहरु सामुहिक छलफलबाट टिपोट एवं मार्किङ समेत गरिएको छ । सो गर्नुपुर्व बलियो एवं कमजोर पक्षका मापनको आधारहरु किटान गरिएको थियो । मापनका आधारहरुमा अभिलेखन, अभियानकर्ता निर्माण र परिचालन, संगठन निर्माण र परिचालन, अधिकारग्राहीको बुझाई एवं सहभागिता, निवेदन दर्ता एवं छिनोफानो, समन्वय र सहकार्यता, सवालको पहिचान उठान र अडान, परिवेश विश्लेषण, अभियान प्रतिको हाम्रो बुझाई, अभियानमा श्रोतको खोजी एवं परिचालन जस्ता थिए ।


पीडितले आफ्नै सक्रियतामा मुद्दा दर्ता गर्ने, अभियानकर्ताहरु अभियानप्रति प्रतिबद्ध भई कार्य गर्न, स्वपरिचालित हुने र विभिन्न गतिबिधीहरुमा पीडित संगठनहरुको सहभागिता हुने अवस्थालाई अभियानको सवल पक्ष मानिएको छ भने दलित एवं महिला अभियानकर्ता तयारी र परिचालन हुन नसक्नु, स्थानिय अभियानकर्ताबिच नियमित सम्पर्क समन्वय एवं क्षमता विकासमा कमी आउनु साथै भूमिको सवाललाई अन्य अधिकारसँग जोडेर लैजान नसक्नु कमजोर पक्ष मानिएको छ ।

त्यसैगरी संस्थागत प्रगती विवरणको प्रस्तुतीमा अभियानमा अभियानकर्ताको कति संलग्नता रह्यो ? ६ महिनाको संलग्नतालाई हेरेर सम्बन्धित व्यक्तिबाटै भन्न लगाई क्रस चेक समेत गरिएको थियो । संलग्नता विश्लेषणपछि आफ्नो समय कहाँ कति लाग्यो भन्दा पनि समयले के परिणाम ल्यायो भन्ने कुरा महत्वपूर्ण हुने र समय र परिणाम मिल्दोजुल्दो हुनुपर्ने विषयमा सबैको मतैक्यता थियो । हाम्रा अभियानकर्ताको ३० प्रतिशत समय कम्तीमा पनि समुदायमा लगानी भएको हुनुपर्छ भन्ने कार्यक्रमको निश्कर्ष थियो ।

## भूमि पीडित किसानहरुको जिल्ला सम्मेलन सम्पन्न

सिन्धुपाल्चोक जिल्लाका भूमि अधिकार बाट वञ्चित किसानहरुको जिल्ला सम्मेलन हजारौं किसानहरुको उपस्थितिमा असोज १४ र १५ गते सिन्धुपाल्चोकको बाह्रविसेमा सम्पन्न भयो ।

सम्मेलको शुरुमा भूमिपीडित किसानहरुले भूमिअधिकार सम्बन्धी प्ले कार्ड र ब्यानर बोकी नारा लगाउँदै बजार परिक्रमा गर का थिए । ऱ्यालीपछि सभामा परिणत भएको सो कार्यक्रमका प्रमुख अतिथि किसान नेता केशव बडाल, युवा नेता चन्द्र भण्डारी, राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले भूमि पीडित किसानहरु आफ्नो हक लिन संगठित भई आन्दोलित भइरहनुपर्छ । यो जुनसुकै बेलामा आवश्यक छ भन्नुभयो । सम्मेलनमा भूमि पीडित किसानको दुःखलाई समेटेर सामुदायिक कला समूहले भूमिसम्बन्धी कचहरी नाटक पनि प्रदर्शन गरेका थिए ।



सम्मेलनमा उपस्थित सहभागीहरु वजार परिक्रमा गर्दै

सम्मेलनको बन्दशत्रले बुझुङ लामाको अध्यक्षतामा १५ सदस्यीय जिल्ला भूमि अधिकार मञ्च गठन गरेको छ । मञ्चका उपाध्यक्ष खसुन योञ्जन, सचिव जयबहादुर श्रेष्ठ, कोषाध्यक्ष सोमर बोम्जन र अन्य सदस्यहरुमा धनबहादुर कार्की, पदमध्वज लामा, पातली थामी, कृष्ण प्रसाद नेपान, सञ्चमाया तामाङ, उषा विश्वकर्मा, र मिनाथ आचार्य, विमला गजुरेल, चम्पा खडका, सोमप्रसाद भण्डारी र होमबहादुर

कटुवाल हुनुहुन्छ ।

## महोत्तरी र सर्लाही

## भूमिपतिहरू भस्कन थाले

महिला सहयोगात्मक समाज नेपाल र भूमिअधिकार मंच महोत्तरीको पहलमा जिल्लाको ११ गा.वि.स.मा भूमिहीन तथा भूमिबाट पीडितहरुलाई भूमि अधिकारको सवालमा संगठित तुल्याउने उदेश्यले भूमिबाट वञ्चितहरुको संगठन निर्माण गरिएको छ। मोही, सुकुम्बासी र दर्ता छुट पीडितहरुको सहभागिता हुने गरी प्रत्येक गा.वि.स.मा ९-११ सदस्यीय समिति गठन गरिएको छ। भूमिबाट पीडित सबै जाति, जनजाति र दलितहरुको सहभागिता रहेको उक्त समितिका सदस्यहरुले भूमि हक अधिकार प्राप्त नगरेसम्म संर्घषरत रहिरहने वचनवद्धता जाहेर गरेका छन् । भूमि पीडितहरुको संगठन तयार हुन थालेपछि भूमिपतिहरु भस्किन थालेका छन् । त्यसैगरी अन्य १० वटा गा.वि.स.मा पनि संगठन निर्माण गर्ने तयारी रहेको छ। जिल्लामा ४० वटा गा.वि.स. हरुमा संगठन निर्माण गर्ने योजना रहेको छ।

## पैदल यात्रा

महिला सहयोगात्मक समाज नेपाल, महोत्तरी र ग्रामीण स्वयमसेवक समाज सर्लाहीको पहलमा 'जीविकोपार्जनमा बैकल्पिक उपायको खोजी 'विकल्प' कार्यक्रमको सहयोगमा सर्लाही र महोत्तरीका विभिन्न स्थानमा २०६२, वैशाख २१-२७ सम्म ७ दिने भूमिअधिकार अभियान पैदलयात्रा सम्पन्न भएको छ । यात्रामा सहजकर्ता, अभियानकर्ता, राष्ट्रिय भूमिअधिकार मञ्चका सदस्य गरी २९ जनाको सहभागिता रहेको थियो ।

सर्लाही जिल्लाको कर्मैयाबाट शुरु गरिएको यात्रा ढुंग्रे नयारोड, हरिवन, चापिनी, सासापुर, अत्रौली, बेताली, पत्थरकोट, जियाजोर, नेत्रगञ्ज, लालबन्दी, रानीगञ्ज, परवानीपुर, ककालीन्जोर हुँदै महोत्तरीको खयरमारा, भित्रीखोला, टुटेश्वर, बरडाँडा, ढुंग्रे, गडन्ता, चेरु, माइस्थान, अटब्ये, रतमाटे, पाटु, कालापानी, राजावास, पर्साहीहास हुँदै सिन्धुलीको सिमाना चुरेमा पुगी सकिएको थियो । यात्राको उद्देश्य भूमिसम्बन्धी समस्या पहिचान गर्नु, प्रत्यक्ष भेटघाट गर्नु रहेको थियो । यात्रा क्रममा स्थानीय व्यक्तिहरुले भेलामा आफ्ना समस्या राखेका थिए ।

चुरेक्षेत्रका अधिकांश बासिन्दाहरु प्राकृतिक श्रोतबाट जीविकोपार्जन गर्दैआइरहेका छन् । वर्षेनी हुने भू-क्षय र वन विनासका कारण अन्यत्र बसाईसराई गर्नुपर्ने बाध्यता छ। भूमाफिया एवं राजनैतिक कार्यकर्ताबाट पीडित हुनु अर्को समस्याको रुपमा रहेको छ। पीडितहरुले प्राकृतिक श्रोत समुदायलाई जिम्मा दिनुपर्ने, सामुदायिक वन हस्तान्तरण हुनुपर्ने, वनको सही सिमाङ्कन हुनुपर्ने, भूमिको स्वामित्व बसोवासको आधारमा नापनक्सा गरी वितरण गरिनु पर्ने प्राकृतिक श्रोतमा महिला, दलित र छेउ पारिएका वर्गको पहुँच हुनुपर्ने, खोल्सा खहरेमा तटबन्ध खहरे नियन्त्रण वृक्षारोपण जस्ता कार्यहरु सम्बन्धित निकायले चासो दिनुपर्ने जस्ता माग राखेका थिए । पैदल यात्राबाट पीडितहरुसँग प्रत्यक्ष भेटघाट हुने र समस्याको गहिराइ र विविधताबारे जानकारी हुन आएको छ । समुदायमा आफना कुरा राख्ने र समुदायका जिज्ञासाको उत्तर दिने क्रममा आफ्नो प्रस्तुतीबारे साथीहरुको सुझावले सहजकर्ताहरु खारिने मौका मिलेको छ। यात्रा न्यूनतम खर्चमा गर्न सकिने भएकोले वास्तविक समस्यालाई बुझ्न सहयोग मिल्नुका साथै अभियानप्रति अपनत्व बृद्धि हुने रहेछ। यात्रा सिक्ने सिकाउने प्रक्रियाका लागि प्रभावकारी हुने देखिन्छ ।

## सिराहा

## जिल्ला भूमि अधिकार मञ्च गठन

भूमि अधिकारवाट वञ्चितहरुको प्रथम जिल्ला सम्मेलन दलित संरक्षण अभियान मञ्च सिराहा वस्तीपुरको आयोजनामा असार ६-८ मा पडरिया १ मा भएको छ । सम्मेलनमा सिरहा, सप्तरी, उदयपुरका विभिन्न संघ संस्था बुद्धिजीवि लगायत् ६१ महिला र ९९ पुरुष गरी १६० जनाको सहभागिता रहेको थियो । सम्मेलनका प्रमुख अतिथी राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय अध्यक्ष वलदेव रामले गर्नुभएको थियो । सम्मेलनमा भूमि र नागरिकताको अन्तर्सम्बन्धका विषयमा छलफल भएको थियो । सम्मेलनले रुद्र नारायण रामको अध्यक्षतामा १३ सदस्यीय जिल्ला भूमि अधिकार मञ्चको गठन गरेको छ । जसमा महिला ४ र पुरुष ९ रहेका छन् सहभागीहरुले पिडरवनी देखि शुरु गरेको र्‍याली लाहान परिक्रमा गरी कोण सभामा परिणत भएको थियो । सम्मेलनले गरेर १४ बुँदे घोषणा पत्र पनि जारी गरेको छ ।

घोषणापत्रमा जमिन्दारमुखी भूमि ऐन २०२१ खारेज गरी जसको जोत उसको पोतको भावनामा आधारित हुँदै मोहियानी हकको संरक्षण गरिनुपर्ने, जोताहामुखी भूमिसुधारको निम्ति बाधक देखिएको वर्तमान सविधानलाई परिवर्तन गरी जोत्नेलाई भूमिको मालिक बनाउनु पर्ने भूमिसुधार कार्यालय र मालपोतमा परेका निवेदन माथि यथाशिघ्र कार्यवाही हुनुपर्ने माग राखिएको छ ।



सिराहाका अभियानकर्ताहरुले भूमि अधिकारको माग सहित र्‍याली प्रदर्शन

सदस्यीय राष्ट्रिय भूमि अधिकार मञ्च सुनसरीको गठन गरेको छ । सतनीदेवी राम उपाध्यक्ष, रुद्रप्रसाद उप्रेती सचिव, सावित्री चौधरी कोषाध्यक्ष र सदस्यहरुमा रणध्वज लोहार, ढोकाई ऋषिदेव, राजकुमार चौधरी, पदम विश्वकर्मा, साईनोदेवी उराँव, सानु यादव, बन्धनादेवी उराँव, बैजनाथ धामी र जीवनकला चौधरी रहनु भएको छ ।

## घटना अध्ययन

### संगठन नै महत्वपूर्ण बल हो

सप्तरी मलहन्मा वडा नं. ५ यहुलिया निवासी ४५ वर्षिय सुन्दर राम विगत २० वर्षदेखी स्थानीय जमिन्दार सरस्वती देवी यादवको १६ कट्ठा ६ धुर जग्गा भोगचलन गर्दै आएका थिए । भोगचलन गरेको जग्गाको मोही सम्बन्धी सबै कागजात उनीसँग थियो । सुन्दर राम एक वर्षदेखि भूमि अधिकार अभियानमा (स्थानिय संस्था जनचेतना दलित संगमको सहयोगमा) सक्रिय भएका कारण उनका जग्गाधनी र गाउँका जमिन्दारहरु मिलेर मोही निष्कासन गर्ने र उनलाई तह लगाउने सोच गरिरहेको थिए ।

जग्गाधनी सरस्वती देवी यादवलाई जग्गाको कुत दिन जाँदा फाल्गुन मसान्तमा कुत बुझे तर उनलाई भर्पाइ दिइएन । उल्टै २०६१ चैत्र समान्तमा जग्गाधनीले जिल्ला भूमिसुधार कार्यालयमा मोहीले कुत बुझाएन मोही निष्कासन गरिपाउँ भनेर मुद्धा हालिन । त्यसपछि भूमिसुधार कार्यालयबाट सर्जमिनका लागि आए । सुन्दर रामले पनि गाउँका पीडित, बुद्धिजीविहरु र जग्गाधनीलाई समेत राखी बैठक गरे । उनले १६ कट्ठा ६ धुर जग्गाको आधा हक पाउनुपर्छ भन्ने अडान लिए र कुत बुझाएको भर्पाइ पनि मागे तर जग्गाधनीले दिन मानेन । जग्गाधनीले २ का जग्गामात्र दिने अडान लियो, अन्तिममा ४ कट्ठा दिने निर्णय भयो । तर मोही सुन्दरले मानेन ।

सो विवादबारे समुदायको भूमिहीन संगठनमा छलफल शुरु भयो । सम्पूर्ण पीडितहरु मिलेर जग्गाधनीलाई बोलाई पुनः बैठक गरे । बैठकमा कुत बुझाएको भर्पाइ र आधा जग्गा दिन दवाब दिए । यसो नभएमा कानुनी तहमा जाने र जेपनि हुन सक्ने चेतावनी उपस्थित पीडितहरुले दिए । त्यसपछि जग्गाधनीले सबैको सामु भर्पाइ दियो र आधा हक दिने निर्णय गऱ्यो । सुन्दरले उक्त भर्पाइका आधारमा आफ्नो हक पाए । उनले यही २०६२ असार १४ देखि ८ कट्ठा ३ धुर जग्गाका मालिक बनेका छन् ।

जग्गा पाएपछि खुसी व्यक्त गर्दै सुन्दर भन्छन, 'अब म जग्गामा जतिबेला पनि मन लागेजस्तो जे बाली लगाउन र उपभोग गर्न सक्छु । कुनै समस्या आएपछि जग्गा धितो राखेर समाधान गर्न सक्छु । संगठन नै एकदम महत्वपूर्ण बल हो, जसले गर्दा मैले हक पाए, अव म अझ सक्रिय भएर भूमिअधिकार अभियानमा लाग्ने छु ।'

## हाम्रा प्रकाशन पढ्नुभयो ?




**भूमि अधिकार : कानुनी श्रोत पुस्तिका**

भूमिको उचित व्यवस्थापनका लागि नेपालमा विभिन्न ऐन र नियमावलीहरु निर्माण भएका छन् । तर यसको प्रभावकारिता भने कमै देख्न सकिन्छ । जमिनको वितरण न्यायोचित छैन । जमिन हुनेले खेती नगर्ने र खेती गर्नेको स्वामित्वमा जमिन नहुने अवस्था कायमै छ । वर्तमान ऐन कानुनले समग्र भूमिसुधारलाई समेट्न सकेको छैन । अझ समयसमयमा भईरहने सानातिना संशोधनका कारण ऐन कानुनहरु जटिल र एक आपसमा बाझिएको अवस्थामा पाईन्छन् ।

भूमिमा पसिना बगाउनेहरुको प्रयासविना भूमि व्यवस्थामा सुधार आउन असम्भव नै छ । भूमिको न्यायिक वितरण एवं प्रभावकारी व्यवस्थापनको लागि वर्तमान भूमि व्यवस्थाबारे व्यापक बहश तथा समीक्षाको खाँचो पनि त्यत्तिकै छ । यही प्रक्रियामा थोरै भएपनि सहयोग पुगोस् भन्नको लागि यस श्रोत पुस्तिकामा भूमिसम्बन्धी केही मुख्य ऐनमा भएको व्यवस्थालाई प्रस्तुत गरिएको छ । यसमा कानुनी व्यवस्थाहरु जस्ताको तस्तै नउतारी बुझ्न सजिलोका लागि सकभर सरल बनाउन खोजिएको छ । केही ठाउँमा भूमिअधिकारको आँखाबाट विश्लेषण गर्ने जमर्को समेत गरिएको छ ।

यस पुस्तिका प्रकाशनको उद्देश्य कानुनमा भएको कुरा नेपाली जोताहा किसानलाई घोकाउनु होइन । बरु यसबारे आम जोताहा किसानमा व्यापक सचेतता बढोस र नयाँ जनमुखी ऐन निर्माणको लागि जनमत तयार होस् भन्ने हो । यसले भूमिअधिकारमा क्रियासिल संस्था, अभियानकर्ता र भूमिअधिकारबाट बञ्चितहरु सबैलाई केही न केही सहयोग पुग्ने विश्वास संस्थाले लिएको छ । यसको व्यवहारिक प्रयोगका क्रममा हुने सिकाईलाई थप्दै जाँदा पुस्तिका पनि परिस्कृत हुदैं जाने हुँदा यस प्रक्रियामा सबैको सहयोग तथा सल्लाहको लागि अनुरोध छ ।

## पीडितको आवाज

**मीना वि.क , बाँके**

शुरुमा १ हजारमा जग्गा किनियो । अहिले रारावस्तीका वासिन्दाहरु कि १२ हजार रुपैया देउ, कि उठ भन्छन् । विभिन्न संस्थाहरुले कार्यक्रम लिएर जान्छन् तर हामीलाई केही अवसर मिल्दैन, हाम्रो टोललाई मिल्दैन । केयरले धारा राख्यो तर हामीलाई नै दिएन । हामी ४० घर छौ ।

**बुद्धिराम चौधरी, त्रि.न.पा. ११ दाङ**

हाम्रो बाजे बाबु कमैया बस्दै आउनुभयो र मैले पनि भर्खरै कमैयाबाट छुट्कारा पाएको हुँ । खोलाको ढिकमा च्यानघाट भनेर बचेको ऐलानी जग्गामा हाम्रो घर छ, पुस्तौदेखि लालपुर्जा कुन चराको नाम हो हामीलाई थाहा छैन ।

**सवराम वि.क.,किउल सिन्धुपाल्चोक**

सानो टुक्रा भएपनि आफ्नै जमिनमा प्राण जाओस्, साहुकोमा होईन ।

**गन्जु चौधरी, विजौरी, बाँके**

२०४५ मा बन सुदृढीकरण आयोगले ऐलानी जग्गा नापजाँच गरिदियो । ३ पटकसम्म आयोगमा निवेदन दिएँ, केही भएन । मोही हकका लागि तारेख दिन म नेपालगंज बसे तर जमिन्दारले आफ्नो तारेखको वारेसनामा वकिललाई दिएर गएको रहेछ मलाई थाहै भएन, म त जमिन्दार आउला र सँगै जाउला भनेर बसें । तारेख लिन पाइन । यसरी लगत कट्टा भयो । आजभोली म अर्को जमिन्दारको खेत जोत्छु । हामीलाई जमिन्दारले पनि ठग्यो, सरकारले पनि ठग्यो । आफ्नो अधिकार लिनको लागि भूमिसुधार, मालपोत कार्यालय, मन्त्रालय घेर्न पनि तयार छौं ।

**जसे कामी माइस्थान, महोत्तरी**

म २००८ सालमा उदयपुर जिल्लाबाट यहाँ आए । र, जग्गा फाँडेर बसे तर आजसम्म जग्गा मेरो हुन सकेको छैन । यस्ता धेरै आए, तिमीहरुले हाम्रो के समस्या समाधान गरौला ।

**भूमिपीडित महिला, सप्तरी**

५०, १०० रुपैया तिरेर फारम भर्दा केही भएन, तपाइहरु के गर्छ ?

## संस्था परिचय

# दियालो परिवार

दियालो परिवार गीत, नृत्य र नाटक तथा प्रहसनबाट सामाजिक सरोकारका विषयहरूमा जनचेतना अभिबृद्धि गर्ने उदेश्यले २०५५ कार्तिक १२ मा स्थापित संस्था हो । यसले जनसरोकारका विषयमा चेतनामुलक कार्यक्रम संचालन गर्दैआएको छ । यो एउटा गैरसरकारी सामाजिक संस्था हो । संस्थाले बाँके जिल्लाका साथै छिमेकी जिल्लाहरू बर्दिया, कैलाली र कपिलवस्तुमा समेत चेतनामुलक कार्यक्रमहरू संचालन गरिसकेको छ भने भूमि अधिकार अभियान कार्यक्रमका लागि विभिन्न जिल्लामा साँगितिक कार्यक्रम लिएर गएको छ । २२ जना सक्रिय साधारण सदस्यहरू र २० जना स्वयम्सेवकहरू रहेको यस संस्थामा ९ जनाको कार्यसमिति छ । ५/५ वर्षको अन्तरालमा प्रजातान्त्रिक प्रक्रियाद्वारा नयाँ कार्यसमितिको चयन गरिन्छ ।

अग्रेजी महिनाको डिसेम्बरमा संस्थाको सहभागीमुलक संस्थागत क्षमता विश्लेषण प्रक्रिया (POCAP) गर्ने गरिन्छ । त्यसबाट संस्थाका सबल पक्षहरू र सुधार गर्नुपर्ने कुराहरूको निर्क्योल गरी सोहीअनुरूप भावी कार्यक्रमका योजना बनाउने गरिन्छ । समुदायमा गएर गरिने कार्यक्रमहरूको विस्तृत बजेट विवरणहरू समुदायसगै बसेर निर्धारण गरिन्छ । संस्थागत क्षमता भनेको समुदायका समस्या विश्लेषण गर्न सक्ने, कार्यक्रमको नेतृत्व गर्न सक्ने आफ्नै मानवीय श्रोत हो । संस्थासँग सम्बद्ध सबै सदस्यहरू यस क्षेत्रमा बढी प्रयोग हुने स्थानीय भाषा थारू, अवधी र नेपाली बोल्न सक्छन् । संस्थाले यस क्षेत्रमा टेलिभिजन कार्यक्रम र सडक नाटक, गीत 'साँगितिक समूह' जस्ता कार्य गरेर आफ्नो छुट्टै पहिचान बनाएको छ ।

आधारभुत मानव अधिकारका सम्बन्धमा समुदायलाई सु-सुचित पार्न तालिम, गोष्ठी, भ्रमण तथा आमसंचारको प्रयोग गर्ने, सांस्कृतिक कार्यक्रम तथा सडक नाटक प्रदर्शन गर्ने, प्रकाशन तथा प्रसारण गर्दै गरीब तथा पछाडि पारिएका समुदायलाई संगठित र सशक्त पार्दै लैजाने संस्थाको रणनीति रहेको छ । संस्थाले २०६१ सालदेखि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रसंगको साझेदारीमा भूमि अधिकार सम्बन्धी साँस्कृतिक कार्यक्रम अभियान कै रूपमा संचालन गदै आइरहेको छ ।

**अनुरोध**

**यस पत्रिकामा भूमि अधिकारसँग सम्बन्धित लेख, घटना, समस्या, सल्लाह र सुझाव पठाई सहयोग गर्नुहुन हामी सबै पाठक महानुभावहरूमा गर्दछौं ।**

हाम्रो ठेगाना:
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
सिन्धुपाल्चोक, सम्पर्क कार्यालय: काठमाडौं, पोष्ट बक्स नं : १९७९०, फोन ४३६०४८६
E-mail : landrights@csrcnepal.org, Website : www.csrcnepal.org

NL
36-